भारतको सक्रिय भूमिकामा प्रधानमन्त्रीको जोड पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक १०८ • २०७९ साल भाद्र २० गते सोमबार (5 September, Monday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# वृहत्तरमा पाँच घण्टा लामो अख्तियारको छापा

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासले वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा पाँच घण्टा लामो छापा हानेको छ। बर्दिबासवाट खटि आएको अख्तियारको टोलीले विभिन्न उजुरीका कागजातहरु लिएर गएको बर्दिबास कार्यालयका प्रमुख गोपाल अधिकारीले जानकारी दिएका छन्। अख्तियारले वृहत्तरवाट भएको निर्माणको काममा व्यापक अनियमितता भएको भन्दै परेको उजुरी सम्बन्धी कागजात लिएर गएको छ।

यस भन्दा पूर्व वृहत्तरद्वारा जानकी मन्दिरमा भएको विद्युतीकरणमा व्यापक अनियमितता भएको भन्दै छापा हानेर सो सम्बन्धी कागजात लिएर गएको थियो । तर, त्यो मुद्दा भने अख्तियारले मुल्तवीमा राखेको छ।

वृहत्तरले मधेश प्रदेशका धनुषा र महोत्तरी कार्यक्षेत्र रहेको र यस जिल्लाहरुको विभिन्न पालिकावाट वृहत्तरको विरुद्धमा दर्जनौ उजुरीहरु अख्तियारमा छन् । वृहत्तरले कामनै नगरि मिलेमतोमा उपभोक्ता समिति तथा ठेकेदारहरुलाई भुक्तानी दिएको, प्राविधिकले मूल्यांकन भन्दा बढी रकम निकासा गरेको लगायत गाडी खरिदमा समेत व्यापक अनियमितता भएको उजुरी परेको छ।

वृहत्तरका कार्यकारी अधिकृत वलराम ठाकुरले दानमा दिइएको गाडी आफ्नो श्रीमती इन्दुलेखा कुमारी ठाकुरको नाममा नामसारी गराइ बेचेको कागजात पनि अख्तियारले लिएर गएको छ।

दैलेख जिल्लाका विगु गाउँपालिका ७ बस्ने ३५ बर्षीय जेन्डिल शेर्पाले वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई बा १३ च २०३७ नम्वरको स्कारपियो एस फोर फिप्टीन गाडी धार्मिक, सांस्कृतिक र सामाजिक कार्यको निमित मात्र प्रयोग गर्न पाउने गरी वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई दान दिएका थिए। दुबै पक्षले २०७६ कार्तिक १४ गते दानपत्र बनाएको देखिन्छ तर, ठाकुरले सो गाडी २०७७ साउन २१ गते आफ्नो श्रीमतीको नाममा नामसारी गरेका छन्।

त्यस्तै वृहत्तरका लेखापाल सावित्री गिरीको घर अगाडि भएको पिसीसी ढलानमा समेत व्यापक अनियमितता भएको छ। उनको घर अगाडि बनेको सडक स्टीमेट भन्दा बढीको बजेटिङ्ग गरिएको र स्टीमेटमा प्राविधिकले १३ हजार रुपैयाँ कम भुक्तानीको कागजात पेश गरेपनि लेखापाल गिरीले भने पूरा रकम भुक्तानी दिएको उजुरी समेत अख्तियारमा परेको छ।

कार्यालयद्वारा निर्माण गरिएको शौचालयमा समेत अनियमितताको उजुरी छ।

वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्बाट हुने अनियमितता विरुद्ध आम जनताले अख्तियारमा उजुरी हाले पनि त्यसको सुनुवाई छिटो नहुने भएका कारण भ्रष्टाचार नियन्त्रणमा ढिलाई भएको देखिन्छ। धनुषा महोत्तरीको धार्मिक, सांस्कृतिक क्षेत्रलाई संरक्षण सम्वर्द्धनका लागि गठन भएका कार्यालयमा बढेको भ्रष्टाचर दिन प्रतिदिन मौलाउँदै गएको छ।

# सिट बाँडफाँट टुङ्गिएन्

**टुडे समाचारदाता**

काठमाण्डु। सत्ता गठबन्धनको कार्यदल बैठक लगातार बसेर दुई दिनभित्र सिट बाँडफाँटको टुंगो लगाउने भएको छ। आइतबार बालुवाटारमा बसेको गठबन्धनको बैठकमा सिट बाँडफाँडबारे छलफल भए पनि निष्कर्षमा नपुगेको सूचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले जानकारी दिए।

उनले सोमबार र मंगलबार बस्ने कार्यदलको बैठकले टुंगो लगाउने बताए। 'बैठक जारी छ। सोमबार १ बजे फेरि हाम्रो कार्यदलको बैठक छ। कार्यदलले लगातार बैठक बसेर सहमतिपूर्ण निर्णयमा पुग्छ र त्यो निर्णय शीर्ष नेतालाई पेश गर्छौं', कार्कीले आइतबारको बैठकपछि भने।

सिट बाँडफाँटकै सेरोफेरोमा रहेर छलफल भइरहेको पनि कार्कीको भनाइ छ। उनले सिट बाँडफाँट न्यायोचित, सम्मानजनक र सबैले जितेको महसुस हुने गरी निर्णयमा पुग्ने दाबी गरे। सत्ता गठबन्धनमा प्रतिनिधि सभा र प्रदेश सभामा पनि जित्ने गरी संख्या भाग बण्डा गर्ने गृहकार्य भइरहेको नेताहरूको भनाइ छ। यसअघि प्रतिनिधि सभामा दलहरूले दाबी गरेको संख्याबाट केही सिट तलमाथि गरेर सहमतिमा पुग्न नेताहरू सहमति नजिक पुगेका छन्।

आइतबार बिहानमात्रै प्रधानमन्त्री शेरबहादुर देउवा लगायतका नेतासँग माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सिट बाँडफाँटबारे छलफल गरेका थिए। त्यसक्रममा नेताहरु बीच हारजितको माइक्रो एनालाइसिस गरेर सोही अनुसार भागबण्डा गर्नु उपयुक्त हुनेमा सहमति भएको बताइएको छ।

# महासेठ दम्पतीको नाम सर्वसम्मतले सिफारिस



**टुडे समाचारदाता**

जनकपुरधाम। आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि नेकपा एमालेबाट धनुषाका दुई निर्वाचन क्षेत्रबाट नेकपा एमालेका सचिव रघुवीर महासेठ दम्पतीको नाम सर्वसम्मत रुपले सिफारिस गरिएको छ।

आइतबार जनकपुरधाममा सम्पन्न धनुषाको क्षेत्र नम्बर ३ बाट बैठकले पोलिटब्यूरो सदस्य जुलीकुमारी महतोको एकल नाम र क्षेत्र नम्बर ४ बाट बैठकले स्थायी समिति सदस्य रघुवीर महासेठको एकल नाम सिफारिस गरेको छ।

नेकपा एमालेको विधानमा कुनै पनि दम्पतीले प्रत्यक्षवाट निर्वाचन लड्न चाहँदा एक जनाले मात्रै लड्न पाउने उल्लेख रहेको भए पनि विधान विपरीत नेकपा एमाले क्षेत्रीय कमिटीहरुले दुबै जनाको नाम सिफारिस गरेको छ।

यस भन्दा पहिला महासेठ धनुषा निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रत्यक्ष र जुली महासेठ समानुपातिकबाट सांसद थिए। दुबै जना पालो पालो मन्त्री पनि बनेका थिए।









# वृहत् पुस्तक प्रदर्शनी

**टुडे समाचारदाता**

राजविराज । १५ औं पुस्तकालय दिवसको एवं वडा दशैंको अवसर पारेर यहाँस्थित साहित्यिक संस्था साझा प्रकाशन शाखाले वृहत् पुस्तक प्रदर्शनीको आयोजना गरेको छ।



१३ दिनसम्म चल्ने प्रदर्शनीको आइतवार राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परविनले उद्घाटन गरेकी छन् । सो अवसरमा उनले यस्ता प्रदर्शनीले सम्पूर्ण भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा टेवा पुर्‍याउने विश्वास व्यक्त गरिन ।

उनले प्रत्येक जातजातिका कला र संस्कृतिका विशिष्ट सम्पदाको खोजी गरी त्यस्ता अपार बौद्धिक सम्पत्ति प्रकाशनमा जोड दिदै शैक्षिकस्तर सुधार र प्रत्येक भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण र विकासका लागि राजविराज नगरपालिकाबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता पनि जनाइन ।

शाखा प्रबन्धक मनोज कुमार माझीले पठन संस्कृतिको विकास तथा ज्ञानवर्द्धक र उपयोगी पुस्तकको विक्री वितरण वृद्धि गर्ने उद्देश्यले पुस्तक प्रदर्शनीको आयोजना गरिएको बताए । प्रदर्शनीमा साहित्य, संस्कृति, कला, इतिहास, धार्मिक ग्रन्थ, शब्दकोष संग सम्बन्धित २ हजार ५ सय भन्दा बढीका पुस्तक छन ।

प्रदर्शनीमा कपी समेत राखिएको छ । १ हजार ६ सय भन्दा बढी लेखकको कृति राखिएको प्रदर्शनी ३१ भाद्र सम्म चल्ने र उक्त अवधिभर विभिन्न विद्याका पुस्तकमा २५ देखि ८० प्रतिशत सम्म छुटको व्यवस्था गरिएको सो संस्थाले जनाएको छ ।

# अझै भृकुटीमण्डप बजारलाई दशैंको रौनकले छोएन

काठमाण्डु । नेपालीको महान् चाड दशैं-तिहार नजिकिँएसँगै भृकुटीमण्डपस्थित खुला बजारमा किनमेल गर्नेको चहल पहल बढ्न सकेको छैन । विशेष गरी यहाँ दशैंको एक महिनाअघिदेखि सामान किनमेलका लागि घुइँचो हुने गर्दछ । सस्तो मूल्यमा सामान पाउने खुला बजारमा दशैंको रौनकले नछोए पनि व्यापार नखस्किएको काठमाण्डुनिम्न वर्गीय व्यापार सङ्घले जनाएको छ । सङ्घका उपाध्यक्ष गोविन्द पौडेलले भन्नुभयो, " खुला बजारमा दशैंका लागि किनमेल गर्नेको चहल पहल छैन । विभिन्न अवरोह पार गर्दै अहिले परिवार पाल्न सक्ने अवस्थामा व्यापारी छन् । व्यापारी उत्साहित नै छन् ।"



दैनिक २० देखि ३० हजार ग्राहक आउने बजारमा विशेषगरी दशैं आउन १५ दिन बाँकी हुँदामात्रै व्यापार सुरु हुने उहाँको तर्क छ । गत दुई वर्ष कोरानाका कारण खासै धेरै चहलपहल नभए पनि यस वर्षको दशैंमा व्यापार हुनेमा उहाँ ढुक्क हुनुहुन्छ । पछिल्लो वर्ष हरेक सामानको मूल्यवृद्धि भएको उल्लेख गर्दै उपाध्यक्ष पौडेलले कच्चा पदार्थको मूल्य बढ्नुको असर सामानमा परेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो," सवारीसाधन पार्किडस्थल नहुँदा व्यापारमा असर परेको छ । बजारमा शौचालय अपुग छ । "

काठमाण्डुको पुरानो खुद्रा बजारका रूपमा परिचित सो खुला बजारका अधिकांश व्यवसायी उपत्यका बाहिरका छन् । साना व्यवसायीले थोरै पूँजीबाट जीविकोपार्जन गर्दै आएका छन् । विगत तीन वर्ष कोरोना महामारीले गर्दा व्यापार नभए पनि अहिले भने व्यापारले गति लिएको १२ वर्षदेखि कपडा व्यवसाय गर्दै आउनुभएका सूर्य पौडेलले बताउनुभयो। "व्यापार नभएर कोरोनाकालमा परिवार पाल्नै मुस्किल थियो, अहिले भने व्यापारले गति लिएको छ।" उहाँले भन्नुभयो, "अब चाडबाड नजिक आए व्यापार धेरै हुनेमा उत्साहित छौं ।"

पछिल्लो वर्षमा चीनबाट सामान आयात नहुँदा पनि व्यवसायमा खासै असर नपरेको व्यवसायीहरू बताउँछन् । अहिले नेपालमै उत्पादन भएका कपडा ग्राहकलाई बिक्री गरिरहेको र ग्राहकले मन पराइरहेको पनि व्यारीको भनाइ छ। कपडादेखि इलेक्ट्रोनिक्स सामानसम्म पाइने खुला बजारमा एक हजार २ सय ६५ 'स्टल' छन् भने अधिकांश व्यापारीले दुई स्टल प्रयोग गर्दै आएका छन् । बजारभित्र आठ सय ४४ पसल सञ्चालनमा रहँदा ३० देखि ३५ हजार परिवार बजारमा आश्रित छन् । स्टल भाडासँगै व्यवसायीले सरसफाइ, बिजुली र सुरक्षाको पैसा पनि तिर्नुपर्छ । बजारभित्र कपडा, जुत्ताचप्पल, कस्मेटिक, भाँडाकुँडा, खेलौना, झोला, रेडिमेड कपडालगायतका व्यवसाय सञ्चालनमा छन् ।

लामो समय कोरोना महामारीले भृकुटीमण्डप बजार पनि सुनसान बनेको थियो । व्यवसायीको राहतका लागि समाज कल्याण परिषद्ले एक महिनाको भाडा पनि छुट दिएको थियो । व्यवसायीले प्रत्येक महिनाको स्टल भाडा समाज कल्याण परिषद्लाई र हरेक वर्ष काठमाडौं महानगरपालिकालाई कर तिर्दै आएका छन् । महानगरलाई प्रत्येक व्यापारीले रु तीन हजार आठ सयदेखि सात हजार पाँच सयसम्म कर तिर्दै आएको उपाध्यक्ष पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हाम्रो बजारमा कुनै पनि बेरुजु छैन, हरेक महिनाको १५ गतेभित्र भाडा समाज कल्याण परिषद्लाई तिर्दै आएका छौं ।"

मध्यम तथा निम्न वर्गले किनमेल गर्ने बजारलाई थप व्यवस्थित गर्न २४सै घण्टा सुरक्षागार्ड पनि खटाइएको छ । सुरक्षागार्डलाई पनि निम्न वर्गीय व्यवसायीले नै तलब सुविधा दिँदै आएका छन् । परिषद्ले बजारलाई सुन्दर र व्यवस्थित गर्न सेमी परमानेन्ट (ढलानसहितको जस्तापाताले छाउने) यसअघि नै निर्णय गरिसकेको छ । तर कामले भने अझै गति लिन सकेको छैन । बजारलाई सेमी परमानेन्ट गर्न सुरु गरेर उद्घाटनसमेत गरिएको भए पनि अर्थाभावले काम अघि बढ्न नसकेको परिषद्का प्रशासन प्रमुख तथा सूचना अधिकारी सञ्जयकुमार मल्लिकले जानकारी दिनुभयो ।

"पालमुनि लामो समय बस्दा कुनै पनि बेला दुर्घटना हुनसक्ने अवस्था हेरेर परिषद्ले स्टल बनाउने विगतमा नै निर्णय गरिसकेको छ, त्यसको उद्घाटनसमेत भइसकेको छ", उहाँले भन्नुभयो । अब नीति तथा कार्यक्रमअन्तर्गत बजेट भए काम अघि बढाउने परिषद्को योजना रहेको उहाँले बताउनुभयो । सूचना अधिकारी मल्लिकले बजारमा ढल व्यवस्थापन अहिलेको टड्कारो आवश्यकता रहेको उल्लेख गर्दै तत्काल बजारको व्यवस्थापन गर्न तीन-चारवटा परिषद्ले योजना बनाएको सुनाउनुभयो । उहाँले भन्नुभयो, "सिसीक्यामेरा लगाउने, सुरक्षामा सहयोग, पानीको निकास र सरसफाइमा ध्यान दिने भनेर अहिले व्यवस्थापनमा लागेका छौं ।"

अहिले भएका शौचालय पर्याप्त नभए पनि व्यवस्थित गर्न सके थप प्रभावकारी हुने उहाँको तर्क थियो । "शौचालय अपुग छैनन्, बजार बाहिर पनि र भित्र पनि छन्, त्यसलाई व्यवस्थित गरेमात्र हुन्छ थप गर्नुपर्दैन", उहाँले भन्नुभयो । गुणस्तरीय सामान, सरल र सुपथ मूल्यमा सामान पाइने भएकाले भृकुटीमण्डपमा विगत १० वर्षदेखि किनमेल गर्ने गरेको उपभोक्ता नेत्रप्रसाद सापकोटाले बताउनुभयो ।

भृकुटीमण्डप बजारमा अन्य स्थानमा भन्दा निकै सस्तो सामान पाइने उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "ठूला चाडपर्वमा आवश्यक सामान यहीबाट किनमेल गर्छु, मसहित सबै परिवारलाई आवश्यक सामान यहीबाट किन्छौं । बाहिर महँगी बढेको महसुस हुन्छ तर यहाँ किन्दा त्यस्तो लाग्दैन ।" पन्ध्र वर्षदेखि कपडा व्यवसाय गर्दै आउनुभएका व्यवसायी शिव धमलाले भर्खरैमात्र तीज, कुशेऔंसीजस्ता चाड सकिएको जनाउँदै दशैंको व्यापार सुरु नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले सुनसानजस्तै छ, दशैंका ग्राहक बढेका छैनन् ।"

नेपालमै उत्पादन भएका चिनियाँ र नेपाली सामान बिक्री गर्ने गरेको बताउँदै उहाँले पछिल्लो समय धेरैजसो नेपाली सामान नै बढी बिक्री भइरहेको जानकारी दिनुभयो । उहाँले कपडामा मात्रै ४० प्रतिशतले महँगी बढेको सुनाउनुभयो । कपडामा बढेको महँगीले सधैं आउने ग्राहक भड्किन खोज्ने भन्दै उनीहरूलाई सम्झाउन समय खर्चिनु परेकोसमेत उहाँले गुनासो पोख्नुभयो । उहाँले भृकुटीमण्डप बजारमा आफूले दिनसक्ने मूल्यमा कपडा पाउने भएकाले विगत पाँच वर्षदेखि किनमेल गर्न आउने गरेको धनगढीकी जेनी ओझाले बताउनुभयो । स्नातक दोस्रो वर्षमा अध्ययनरत उहाँले भन्नुभयो, "यहाँ हामीले भनेकै मूल्यमा सामान पाउँछौं । यहाँका कपडाको गुणस्तर पनि आजसम्म राम्रै छ, अब दशैंमा किनमेल गर्न पनि यतै आउने हो ।"

अर्का व्यवसायी विकास थापाले गत दुई वर्ष खासै व्यापार गर्न नपाए पनि यस वर्षको दशैंले भने उत्साह थप्नेमा आफू आशावादी रहेको बताउनुभयो । उहाँले नेपाली उत्पादन बिक्री गर्न पाएकामा खुसी व्यक्त गर्दै धेरैजसो भृकुटीमण्डप बजारमा विद्यार्थी युवा-युवती किनमेलका लागि आउने बताउनुभयो ।रासस

# लागूऔषध गाँजा सहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

कलैया । बारा प्रहरीले अमलेखंजबाट लागूऔषध गाँजा सहित दुई जनालाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय अमलेखगंजबाट गएको प्रहरी टोलीले ट्रक चेकजाँचको क्रममा ३४ किलो गाँजा बरामद गरेको बारा प्रहरी प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।



गाँजा सहित पक्राउ पर्नेमा जिल्ला मकवानपुर मनहरी गाउँपालिका वडा नं.७ बिजौना टोल बस्ने ३५ बर्षीय सुन बहादुर थिङ र सह-चालक जिल्ला मकवानपुर मनहरी गाउँपालिका वडा नं.१ चकरी टोल बस्ने २० बर्षीय सुभाष लामा रहेका छन् ।

प्रहरीले हेटौडा-पथलैया सडक खण्डमा आवत जावत गर्ने सवारी साधनहरू चेकजाँच गर्ने क्रममा प्र.३-०१-००३ क ६९०६ नं. को मिनी ट्रकबाट लागूऔषध बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# कार्यव्यवस्था परामर्श समिति सदस्य हेरफेर

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको बैठकले कार्यव्यवस्था परामर्श समितिमा सदस्यको नाम हेरफेर गरेको छ । बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १३ बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा सदस्यको मनोनयन गर्नुभएको हो ।

जसअनुसार सांसद पुष्पा भुसाल गौतम र बहादुरसिंह लामा तामाङको स्थानमा सांसद चित्रलेखा यादव र मीनबहादुर विश्वकर्मालाई मनोनयन गरिएको छ । सभामुख सापकोटाले सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ र २७ बमोजिम गठित संसदीय सुनुवाइ समितिमा सांसद पुष्पा भुसाल गौतमको स्थानमा सांसद मीनबहादुर विश्वकर्मालाई मनोनयन गर्नुभएको हो । सभामुखले प्रस्ताव गर्नुभएको उक्त प्रस्तावलाई सभाले सहमति जनाएको थियो । रासस

# प्रतिवन्धित लागू औषध सहित तीन पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय धनुषाले विभिन्न प्रहरी चौकीको माध्ययमले साढे पाँच लाख भन्दा बढीको भारतवाट आयात गरेर ल्याएका अवैध समानहरु बरामद गरेको छ ।

धनुषाको सवैला नगरपालिका-४ स्थितमा भारतवाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ज ३ प ८४८८ र स ८ प ९८८१ नम्वरको मोटरसाइकलमा करिव चार लाख ६६ हजार दुई सय बराबरको विभिन्न किसिमका लताकपडाहरु ल्याई राखेको अवस्थामा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । त्यस्तै इलाका प्रहरी कार्यालय औरही धनुषावाट गस्तीमा खटेका प्रहरी टोलीले धनुषा जिल्लाको औरही धनुषावाट गस्तिमा खटेको टोलीले औरही नापा २ स्थितमा भारतवाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ८६ हजार ३ सय १६ रुपैयाँ बराबरको किरानाका समानहरु ल्याइ राखेको अवस्थामा नियन्त्रणमा लिई भन्सार कार्यालय जनकपुरधाम पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# साढे पाँच लाखको अवैध सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको विदेह नगरपालिका-१ महिनाथपुरवाट लागूऔषध सहित तीन जनालाई पक्राउ गरिएको छ ।

इलाका प्रहरी कार्यालय खजुरीवाट खटिएको प्रहरी टोलीले सवारी साधन तथा पैदल यात्रुहरुको चेक जाँच गर्ने क्रममा दक्षिण तर्फवाट शंकास्पद रुपमा हिड्दै आइरहेको अवस्थामा धनुषाको सवैला नगरपालिका-४ पठेरवा बस्ने २२ बर्षीय शत्रुधन यादव र २१ बर्षीय राजकिशोर मुखिया लाई चेकजाँच गर्दा उनको संगवाट डाइलेक्स टीएम डीसी १०० एमएल लेखिएको बेतल २ थान फेला परेको थियो । दुवै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै जनकपुरधाम उप-महानगरपालिका १६ बस्ने १९ बर्षीय जमसेद नदाफको साथवाट नेट्राभेट ट्यावलेट ३९ पिस बरामद भएको र उनलाई पनि प्रहरी हिरासतमा राखेर थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# विभिन्न समितिमा सदस्य हेरफेर



काठमाण्डु । प्रतिनिधिसभाअन्तर्गतका विभिन्न समितिमा सांसद सदस्यको नाम हेरफेर गरिएको छ । प्रतिनिधिसभाको आजको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधिसभाअन्तर्गतको विभिन्न समितिमा सदस्यको नाम हेरफेर गर्नुभएको हो ।

सांसद महेन्द्रकुमारी लिम्बू महिला तथा सामाजिक समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा, सरवत आरा खानम अर्थसमितिबाट कानून, न्याय तथा मानवअधिकार समितिमा, सांसद प्रमिला राई अर्थ समितिबाट कानून, न्याय तथा मानवअधिकार समितिमा, कर्मा घले कानून, न्याय तथा मानवअधिकार समितिबाट महिला तथा सामाजिक समितिमा, जिपछिरिङ लामा विकास तथा प्रविधि समितिबाट राज्यव्यवस्था तथा सुशासन समितिमा र मीना पाण्डे राज्य व्यवस्था तथा सुशासन समितिबाट विकास तथा प्रविधि समितिमा मनोनयन गरिएको छ । सभामुख अग्निप्रसाद सापकोटाले प्रस्ताव गर्नुभएको उक्त प्रस्तावित हेरफेरलाई सभाले सहमति जनाएको थियो ।

बैठकमा सांसद मीनबहादुर विश्वकर्माले प्रतिनिधिसभा नियमावली, २०७५ नियम १०५ र नियम १११ का प्रावधानको सीमा छोट्याउन नियमावलीको नियम निलम्बनको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तावलाई सांसदहरु रामकुमारी चौधरी र प्रमोद साहले समर्थन जनाउनुभएको थियो । नियम निलम्बनको प्रस्तावलाई बैठकले बहुमतले स्वीकृत गरेको थियो ।

# सार्वजनिक तथा सरकारी जग्गा खाली गराउन टोखाको आग्रह

काठमाण्डु । टोखा नगरपालिकाले सार्वजनिक तथा सरकारी जग्गा खाली गराउन नगरवासीलाई आग्रह गरेको छ ।

टोखाको नगर कार्यपालिकाको बैठकले टोखा नगरपालिकाभित्रका सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण गरी बनाइएका संरचना खाली गर्न लगाउने निर्णय गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शङ्करराज पाठकले जानकारी दिनुभयो ।

बैठकले आफ्नो वडाभित्रका सार्वजनिक तथा सरकारी जग्गा खाल गराउने निर्णय गरेकाले सबै वडाले सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण गरी संरचना निर्माण गरिएका स्थानमा ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्न नगरपालिकाले निर्देशन गरेको छ । काठमाण्डुको उत्तरी क्षेत्रमा रहेको टोखामा ११ वडा रहेका छन् ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# शहीदनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
यदुकूहा, धनुषा
मधेश प्रदेश, नेपाल

## करारमा कर्मचारी पदपूर्ति सम्बन्धी संशोधित सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०५।१९**

यस नगरपालिकाको अन्तर्गत रहेका तपसिल बमोजिमको पद करार सेवामा लिनु पर्ने भएकोले ईच्छुक योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि. भानुचोक, जनकपुरधाममा रहेको खाता नं. १२२०१००३०१०१००१० मा रकम दाखिला गरेको भौचर वा कार्यालयबाट जारी भएको नगदी रसिद सहित दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त पदहरुको लागि दरखास्त फाराम कार्यालयको Website www.shahidnagarmun.gov.np बाट डाउनलोड गर्न वा कार्यालयबाट उपलब्ध गर्न सकिनेछ।

**तपसिल**

| विज्ञापन नं. | आवश्यक संख्या | पद | तह | आवश्यक न्यूनतम योग्यता | उमेरको हद म्याद |
|---|---|---|---|---|---|
| १।०७९।०८० | १ | ईन्जिनयर | अधिकृत छैठौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा स्नातक तह वा सो सरह उत्तिर्ण भएको। | २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| २।०७९।०८० | १ | कृषि अधिकृत | अधिकृत छैठौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको। | २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| ३।०७९।०८० | १ | पशु- चिकित्सक | अधिकृत छैठौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट पशु विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको। | २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| ४।०७९।०८० | १ | मेडिकल अधिकृत | अधिकृत आठौं | नेपाल सरकारबाट मन्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS वा सो सरहको योग्यता प्राप्त गरी NMC को प्रमाणपत्र प्राप्त गरेको प्रमाणित प्रतिलिपी | २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| ५।०७९।०८० | १ | सव-ईन्जिनियर | सहायक पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र (डिप्लोमा) तह वा सो सरह उत्तिर्ण भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| ६।०७९।०८० | ४ | हे.अ. | सहायक पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट HA कोर्ष उत्तिर्ण वा सो सरह उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपी। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| ७।०७९।०८० | १ | प्राविधिक सहायक (प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ) | सहायक पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र वा (डिप्लोमा) तह वा सो सरह उत्तिर्ण भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| ८।०७९।०८० | १ | रोजगार सहायक (प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ) | सहायक पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| ९।०७९।०८० | १ | सूचना तथा परामर्शकर्ता | सहायक पाँचौ | प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेका (स्नातकलाई विशेष ग्राह्यता दईने), सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा सही सूचना तथा परामर्श सेवा प्रदान गर्न सक्ने, सम्बन्धित सरोकारवालाहरुसँग राम्रो समन्वय गर्न सक्ने, MS Word, Excel को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा राम्रो टाइप Speed भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १०।०७९।०८० | १ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| ११।०७९।०८० | १ | वित्तीय साक्षरता सहजकर्ता | सहायक पाँचौ | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको, वित्तीय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १२।०७९।०८० | १ | ल्याव असिस्टेन्ट | सहायक चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ल्यावमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपी । | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १३।०७९।०८० | ३ | अ.न.मी. | सहायक चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपी । | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १४।०७९।०८० | ४ | अ.हे.व. | सहायक चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सि.एम.ए. कोर्ष उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपी । | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १५।०७९।०८० | १ | लघु उद्यम विकास सहजकर्ता | सहायक चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट उद्यम विकास सहजकर्ता सम्बन्धी विषयमा प्राविधिक प्रवेश परीक्षा (TSLC)/ डिप्लोमा तह उत्तिर्ण वा (CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षणमा तह २ वा ३ उत्तिर्ण गरेको। | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| १६।०७९।०८० | ९ | रिटर्नी स्वयंम सेवक परिचालन | श्रेणी विहिन | न्यूनतम कक्षा ८ उत्तिर्ण गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। महिला रिटर्नीलाई विशेष प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १७।०७९।०८० | २ | ह.स.चा. | श्रेणी विहिन | साधारण लेखपढ गर्न जानेको तथा गाडी सम्बन्धी यान्त्रिक कुरा जानकारी भएको तथा सवारी चालक अनुमती पत्र प्राप्त भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| १८।०७९।०८० | १ | एम्बुलेन्स चालक | श्रेणी विहिन | साधारण लेखपढ गर्न जानेको तथा गाडी सम्बन्धी यान्त्रिक कुरा जानकारी भएको,सवारी चालक अनुमती पत्र प्राप्त भएको तथा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट निर्धारित एम्बुलेन्स चालकको तालिम प्राप्त गरेको। | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| १९।०७९।०८० | १ | हेभी ब्याकहो लोडर चालक | श्रेणी विहिन | साधारण लेखपढ गर्न जानेको तथा गाडी सम्बन्धी यान्त्रिक कुरा जानकारी भएको तथा सवारी चालक अनुमती पत्र प्राप्त भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| २०।०७९।०८० | १ | टेक्टर चालक | श्रेणी विहिन | साधारण लेखपढ गर्न जानेको तथा टेक्टर सम्बन्धी यान्त्रिक कुरा जानकारी भएको तथा सवारी चालक अनुमती पत्र प्राप्त भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |
| २१।०७९।०८० | १० | कार्यालय सहयोगी | श्रेणी विहिन | साधारण लेखपढ तथा मान्यता शैक्षिक संस्थाबाट कक्षा ८ उत्तिर्ण गरेको। | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको |

१. **दरखास्त दिने स्थान**:– शहीदनगर नगरपालिकाको कार्यालय, यदुकूहा धनुषा।
२. **दरखास्त फारम बुझाउने मिति**:– २०७९।०५।१९ गते देखि २०७९।०६।०८ गतेसम्म (कार्यालय समयभित्र) उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म।
३. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**:– व्यक्तिगत विवरण, नागरिकताको प्रमाणित प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, दरखास्त दस्तुर बुझाएको सक्कल भौचर/रसिद र अनुभव वा तालिम भए सो प्रमाणको प्रमाणित प्रतिलिपी र वैदेशिक शैक्षिक प्रमाण पत्र भएको खण्डमा नेपाल सरकारबाट समकक्षता गरेको प्रमाणित प्रतिलिपी।
४. **परीक्षा दस्तुर**:– अधिकृत स्तरको लागि रु. १०००।-, सहायक पाँचौ र चौथो रु. ५००।- र श्रेणी विहीनको लागि रु. ३००।-
५. **तलव/स्केल तथा कार्यशर्त विवरण**:– करार सम्झौतामा उल्लेख भए बमोजिम।
६. **परीक्षाको किसिम**:– संक्षिप्त सूचीकरण, प्रयोगात्मक र अन्तर्वाता।
७. **सम्पर्क मिति तथा स्थान**:– २०७९।०६।०९ गते बेलुका ५:०० बजेपछि दरखास्त फारम दर्ता गर्ने सम्बन्धित कार्यालयमा।
८. परीक्षा मिति र समय पछि तोकिने छ र सो को जानकारी यस कार्यालयको सूचना पाटी, वेबसाईटमा प्रकाशन गरिने छ।
९. सम्बन्धित क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ।
१०. रित नपुगी आएका दरखास्त फारम उपर कुनै कारवाही हुने छैन।
११. परीक्षा संचालन सम्बन्धी अन्य तथा अन्तिम निर्णय नगरपालिकाको "करारको कर्मचारी पदपूर्ति समिति" ले निर्धारण गरे बमोजिम हुनेछ।
१२. यस सूचनामा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

**थप जानकारीको लागि:–**
सम्पर्क नं.:- ९८४४००५२३६, ९८२४८०१३१२ र ९८५४०२०६१४
www.shahidnagarmun.gov.np

# अनलाइन संस्कार कक्षालय शुभारम्भ



काठमाण्डु । बालबालिकालाई असल संस्कार सिकाउने अनलाइन कक्षा 'संस्कार कक्षालय' को शुभारम्भ गरिएको छ। सुसंस्कार र योगका अभियन्ता डा राजु अधिकारीको अग्रसरतामा सुरु भएको संस्कार कक्षालयको चर्चित फ्रान्सेली लेखक एवं विश्वकै खुसी व्यक्ति डा म्याथ्यु रिचार्डको उपस्थितिमा भर्चुअल माध्यमबाट शुभारम्भ गरिएको हो।

अबदेखि हरेक शनिबार र आइतबार बिहान ७:३० देखि ९:३० बजेसम्म र दिउँसो २:३० देखि ४:३० बजेसम्म अनलाइनमार्फत बालबालिकाका लागि संस्कार कक्षालय सञ्चालन हुनेछ । आइतबार शुभारम्भ कार्यक्रममा डा रिचार्डले शिक्षा लिनुको मुख्य उद्देश्य नै असल मानव बन्नुरहेको भन्दै असल शिक्षाले नै मानिसलाई खुसी राख्न मद्दत पुग्ने बताउनुभयो।

उहाँले आफ्ना मानिस र आफ्नै स्वार्थका लागि मात्र सोच्ने व्यक्ति जीवनमा कहिल्यै सफल हुन नसक्ने भन्दै अरुको खुसीमा आफ्नो खुसी देख्ने व्यक्ति नै संसारको सफल र सुखी व्यक्ति बन्ने बताउनुभयो। अरुलाई दुःखी बनाउने भन्दा पनि कसरी अरुको राम्रो गर्न सकिन्छ भन्नेमा आफ्नो समय खर्चिनुपर्ने उहाँको भनाइ थियो। गैरआवासीय नेपाली सङ्घका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले आफ्नो व्यवहारमा लागू गरेर मात्र संस्कार सिकेको अर्थ रहने बताउनुभयो। संस्कार कुनै उमेर समूह र समयका लागि मात्र नभएर सबै र सधैँका लागि अत्यावश्यक रहेको भन्दै डा महतोले संस्कार कक्षालयबाट सबैले फाइदा लिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा अक्षरा स्कुलकी प्रिन्सिपल अञ्जु भट्टराईले बालबालिकाको पहिलो पाठशाला भनेकै आफ्नो घर भएकाले संस्कार घरबाटै सुरु हुनुपर्ने बताउनुभयो।

शनिबारबाट सुरु भएको संस्कार कक्षालयमा असल संस्कार, संस्कारयुक्त दिनचर्या, बाल-योगाभ्यास, संस्कार प्रार्थना र श्लोकहरु, स्मरण शक्ति, एकाग्रता, मातापितालाई सम्मान, असल बानी व्यवहारलगायत विषयहरु समेटिने डा अधिकारीले बताउनुभयो । आधुनिक शिक्षा प्रणालीले कुनै पनि व्यक्तिलाई पेशागत सफलतामा पुऱ्याए पनि सुसंस्कार सिकाउन नसक्दा मानवीय मूल्य-मान्यताहरु नै सङ्कटग्रस्त बन्दै गएको उहाँको भनाइ छ।

अभिभावकले आफ्ना छोराछोरीहरुलाई सानै उमेरदेखि असल संस्कार दिलाउन आवश्यक रहेको र त्यसका लागि संस्कार कक्षालयले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँको भनाइ छ। संस्कार प्रशिक्षक विमल कोइरालाले विषयगत ज्ञानले दिमागलाई शिक्षित गर्ने र संस्कारयुक्त ज्ञानले हृदयलाइ प्रशिक्षित गर्ने बताउनुभयो।

पहिलो चरणमा पाँचदेखि नौ वर्षसम्म, नौ वर्षदेखि १२ वर्षसम्म र १२ वर्षभन्दा माथिका गरी तीन समूहमा विभाजन गरी संस्कार शिक्षा, योग विज्ञान, जीवन व्यवस्थापन तथा वैज्ञानिक आध्यात्मिकता जस्ता विषयका विषेशज्ञहरुमार्फत नेपाली भाषी बालबालिकालाई अनलाइनबाट संस्कार कक्षा प्रदान गरिनेछ । यस कक्षालयमा विश्वका जुनसुकै स्थानमा वसोबास गर्ने नेपालीभाषी बालबालिकालाई अनलाइन कक्षामा समेटिने छ।रासस

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# अविश्वासको बन्धनमा गठबन्धन

नेकपा एमालेका अध्यक्ष केपी ओली संसद विघटन गर्न चाहँदा बनेको बैकल्पिक शक्ति पाँच दलीय गठबन्धन अहिले अविश्वासको बन्धनमा बान्धिन थालेको छ। केपी ओलीले प्रतिगमन गऱ्यो भन्दै नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एमालेवाट अलग बनेर बनेको दल नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र जनमोर्चा नेपालले पाँच दलीय गठबन्धन बनेको थियो । स्थानीय निकायको निर्वाचनमा अलि उतार चढाव भए पनि गठबन्धन टुटेन् । अविश्वासको वातावरण स्थानीय निकायको निर्वाचनमा भए पनि नेकपा एमाले विरुद्ध गठन गरिएको पाँच दलीय गठबन्धनलाई प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा समेत यथावत राख्ने दृढसंकल्प बोकेका दलहरुमा विचलन देखिन थालेको छ । कुन दल कति सिट लिने र के आधारमा लिने बनेको कार्यदलको बैठक पटक पटक बसेपनि त्यसले भने कुनै निर्णय लिन नसक्दा आवद्ध दलका शीर्ष नेताहरु अहिले दिनहुँ जस्तो बैठक बसि छलफललाई निरन्तरता दिएका छन् । तर, ठूला दलहरुले पेश गरेको आ आफ्नो दावीवाट हटन नसकेपछि गठबन्धनमा अविश्वासको वातावरण बन्दै गएको छ । सिट बाँडफाँटकोलागि सोमबार र मंगलबार गरी दुई दिन मात्रै समय छ। कांग्रेसको १०० सिटको दावीले अन्य दलहरुलाई समस्यामा पार्न थालेको छ । जनता समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले त कार्यकर्ताहरुलाई सवै सिटमा तयारी भएर बस्न दिएको निर्देशनले थप शंका उपशंका उत्पन्न गरेको छ। दुई दिनमा दलहरु कति लचकता अपनाउन सक्छ त्यो त समयलेनै बताउँने छ तर, लचकता नअपनाए जुन उद्देश्य प्राप्तिकालागि गठबन्धन गरियो त्यो उद्देश्य भने प्राप्त हुन सक्ने सम्भावना देखिदैन् । नेकपा एमालेको आक्रामक रणनीति र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को स्थान खोज्ने रणनीतिले पाँच दलीय गठबन्धनलाई धरापमा पार्न सक्छ । खास गरेर मधेश क्षेत्रमा अहिले पनि मधेशवादी दलहरुमाथि जनताको चाहना रहेपनि ती दलहरुमा देखिएको दम्भले विगतमा भएको मधेश आन्दोलनहरुको उपलव्धीहरु गुम्ने खतरा बढेको छ । मधेश आन्दोलनवाट प्राप्त उपलव्धीहरु संस्थागत गर्ने बेला ती दलहरुले देखाएको तिक्तताले सहज वाटोहरुलाई समेत कठिन बनाएको छ। मधेशमा अन्य दलहरु मधेशवादी दलहरुको कांधलाई भर्याङ्ग बनाएर उकालो चढ्ने प्रयास गरेपनि ती दलहरु उनीहरुको मतियार बनेको स्पष्ट देखिन सकिन्छ।

# अब नेपालले भारतमा बिजुली निर्यात गर्दैछ



श्रीमन नारायण

आठ वर्ष अघि भारतका प्रधानमन्त्री नरेन्द्रमोदी पहिलो पटक नेपाल भ्रमणमा आउँदा नेपाली संसदलाई सम्बोधंन गरेका थिए । आफ्नो सम्बोदधनको क्रममा उनले नेपाललाई हाईवेज, आईवेजर ट्रान्सरवेज (हिट) माध्याकन केन्द्रित गर्न सुझाव दिएका थिए । राजमार्ग, प्रसारणलाई नरअन्तजर सन्जारललाई नकोक्षेत्रमा प्रगति गरिए कुनै पनि देशले आर्थिक प्रगती र समृद्धीको लक्ष्य व पछ्याउन बढी प्रतिक्षा गर्नु पर्दैन।

आफ्नो जसम्बोरधनको क्रममा उनले एउटा अर्को सुझाव दिएका थिए "अहिले भारतले नेपालको ऊर्जा आवश्यकतालाई पुरा गर्नेछ र नेपालले उर्जा क्षेत्रमा प्रगति गर्न थाले पछी भारतलाई निर्यात गर्नेछ, अर्थात नेपाल भारतमा बिजुली बिक्री गरेर पैसा कमाउन सक्ने र सुझाव दिएका थिए। मोदीको भ्रमण सकिएको विगत आठ वर्षमा नेपालले भारत सित विधुत ब्यसपार सम्झौता तथा विधुत प्रसारण सम्झौता गर्यो । आज यसको सकारात्म भएको परिणाम पनि देखा पर्न थालेका छन र नेपालले सन २०१३ देखि २०२१ सम्म ८ वर्षमा झण्डै २ अर्बका विजुली मात्रै बिक्री गर्न सकेकोमा सन् २०२२ को मध्य सम्ममा नै ३ अर्ब ८८ करोड ४० लाख रुपैयाकोविजुली बिक्री गरिसकेको छ।

नयाँ आकडामा यो ६ अर्ब नाघि सकेको छ। अत्यापधिक मात्रामा विधुतकोउत्पाादन र ठाउँठाउँमा प्रसारण लाईनको निर्माण गरिएमा नेपालले एक्लो भारतमै बिजुलीको बिक्री गरेर पनि भारत सितको आकाशिदो ब्यापार घाटालाई कम गर्न सक्दछ। अब नेपालले बिधुत आयातमा धेरै कमी ल्याएको छ जब की विधुत निर्यातको आयतन निरन्तनर रुपमा बढदै गएको छ।

स्व आदेशी बिजुलीबाट वर्षायामको माग धान्न सकिने भएपछी भारतबाट हुने विधुत आयात क्रमशः घटदै गएको छ। अघिल्लो आर्थिक वर्ष २०७७/७/८ मा नेपालले भारतबाट २१ अर्ब ५० करोड ५० लाख बराबर रुपैया बराबरको बिजुली खरिद गरेको थियो। त्यो रकम गत आर्थिक वर्षमा करिब आधाले घटेको छ। गत वर्ष आर्थिक वर्ष ०७८/७९ सालमा बिजुली आयात ११ अर्ब ५८ करोड २० लाख रुपैयामा सिमित देखिन्छ। अघिल्लोआर्थिक वर्ष ०७७/७८ मा ४ करोड ४० लाख युनिट विधुत निर्यात भएकोमा गत आर्थिक वर्ष ७८ ०७८/७९ मा ४९ करोड ३० लाख युनिट निर्यात भएको छ। यसरी एकातिर बिजुली आयात घटीरहेको छ जवकी निर्यात भन्ने बढी रहेको छ। नेपाल विधुत प्राविधिकरणको तथ्योलाई हेर्दा अहिले नेपालको कुल विधुत जडित क्षमता २२ सय मेगावाट बराबर छ। उक्त परिणाम बराबरको बिजुली उत्पादन गर्ने आयोजना राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएका छन्।

हाल सम्मको विधुत पिकडिमाण्ड १२ हजार ७ सय ७४ मेगावाट बराबर छ। अर्थात नेपालले बिजुली खपत गरेको हाल सम्मको सबैभन्दा उच्च टत्तबिन्दु १७ सय ४७ मेगावाट बराबर हो । वर्षा याममा हुने बिजुली उत्पादनको तुलनामा डिमाण्डक कम भएकोले निर्यात सम्भिव भएको हो भने हिउँदमा भने नदीमा पानीको सतह घट्दा उत्पादन पनि कम हुन्छ। जसलेगर्दा वर्षा याममा नेपालमा उत्पादित बिजुलीले आन्तारिक माँग धानेर बेच्न समेत थालेको छ भने हिउँदमा अहिले पनि उत्पादन घटदै जाँदा आयात गर्नु पर्ने अवस्था छ, यद्धपी आन्तगरिक उत्पादन बढ्दै जाँदा एकातिर बिजुली आयात घटेको छ भने अर्को तिर निर्यात बढि रहेको छ, जसले नेपालको बिधुत ब्यापार घाटा घटदै गएको छ।

गत आर्थिक वर्ष ०७८/७९ मा भारत तर्फको विधुत निर्यात बढेको छ भने आयात घटेको छ।



अहिले नेपालमा खपत गरी अतिरिक भएका विधुत दैनिक रुपमा अधिकतम ३६४ मेगावाट भारतमै निर्यात भइरहेको छ। प्रसारण लाईन निर्माण नभएको कारण वर्षा याममा सयकडौ मेगावाट विजुली खेर गइरहेको थियो तर प्रसारण लाईनको निर्माण भएबाट हामी भारतमा बिजुलीको निर्यात गर्न सकिरहेको छौं। तर केही कथित राष्ट्र वादीहरुले त्यसको पनि विरोध गरिरहेका थिए । आखिर प्रसारण लाईनको निर्माण भएबाट नेपालले भारत लगायत अन्य देशमा पनि बिजुलीको निर्यात गरी अर्बौ रुपैया कमाउँदा राष्ट्र कसरी कमजोरहुन सक्यो गर बुझ्न सहिएन ?

अघिल्लो र वर्षको तुलनामा आर्थिक वर्ष ०७८/७९ मा आन्तरिक बिधुत खपत २१.२८ प्रतिशतले बृद्धी हुँदा समेत २ अर्ब ८० करोड ६० लाख युनिट विधुत आयात भएको मागत आर्थिक वर्ष ०७८/७८ मा ४५.०५ प्रतिशतले घटेर १ अर्ब ५४ करोड ३० लाख युनिट भएको छ। आर्थिक वर्ष ०७७/७८ मा कुल २१ अर्ब ८२ करोड रुपैयाको बिधुत आयात भएको थियो। आर्थिक वर्ष ०७८/७९ मा आयात घटेर ११ अर्ब ५८ करोड रुपैयामा भएको छ। विधुत प्राधिकरणले गत जेष्ठ १९ बाट इण्डिय नइनर्जी एक्स अचेन्जद (आईईएक्स) मा बिजुली बेच्न अनुमती पाएको हो। यद्धपी नेपालले आईईएक्स बिजुली बेच्न अनुमती पाएको गत कार्तिकमा हो।

गत वर्ष नेपालको त्रिशुली र देवीघाट जलबिधुत आयोजनाको मात्रै बिजुली भारतले किनेको थियो। यस वर्ष भने ती दुई आयोजना सहित मर्स्याङदी कालि गण्डोकी र लिखु समेत गरी कुल ३ सय ६४ मेगावाट बिजुली निर्यात भइरहेको छ। लिखु निजि क्षेत्रबाट प्रबर्द्धित आयोजना हो। आईईएक्स भन्दा र बाहिर भारतको विहार राज्यलाई पनि नेपालले बिजुली निर्यात गरिरहेको छ। प्राकृतीक सम्पदाले धनी देश नेपालले अहिले सम्म समुचीत विकाश गर्न नसकेको मुख्य कारण यहाँका राजनितिक दलका नेताहरुमा देखिएको विकास प्रतिको नकारात्मक धारणा नै हो। विगत केही दशक अघि सम्मा त भारत र अमेरीकाको नाम सुन्ने वितिकै त्यसमा अनर्थ मात्रै हर्ने राजनितिक र बुद्धि जिवि जमात पनि देशमा कम थिएनन्।

वि.स. २०५० सालमा अरुण जलविधुत परियोजनाको विकासको कुरा गर्दा देशको राष्ट्रियता गुम्ने भने नारा लगाएका एमालेको नेता र साँसदहरु सहित देशका बामपन्थिाहरुले त्यसलाई कार्यान्वनयन हुन दिएनन् । माओवादी सत्तामा आएपछी पनि यहि अवस्था थियो। देशले १९ घण्टो सम्म दैनिक लोडसेडिङ्ग सहनुपरेपछी बल्ल तिनको घैटोमा घाम लाग्यो र विस्तार विस्तानरै बैदेशिक लगानी खोज्ने मानसिकता विकसित हुन थाल्यो । त्यसमा पनि एउटा खास छिमेकीले मात्रै लगानी गरे हुन्यो आएकि भन्नेत मानसिकता बोकेको दलहरुले कहिल्यै दलीय र बैचारीक सोचको परिधि भन्दा बाहिर आउन सकेनन् । देशले आफ्नो आवश्यलकता अनुसारको उर्जा निति बनाउन थालेको छ। झोलामा लाईसेन्स बोकेर हिडनेहरु बल्ले चुप लाग्न थालेका छन् । विकासको मामिलामा विरोध अथवा अवरोध गरेर हामीले आफ्नो खुट्टामा नै बन्चारो हान्नेव काम गरेका छौँ । जसरी अरब राष्ट्रहरु आफ्नो प्राकृतिक सम्पदा तेलको विक्री गरी धन कुबेर भएका छन् त्यसरी नै हामी पनि आफ्नो जलस्रोतको सदुपयोग गरेर आफ्नो देशलाई समृद्ध र सम्पनन् बनाउन सक्दिछौ। प्रारम्भिक सकेत उत्सोहबर्धक छन । नेपालले आफ्नो उर्जा नितिमा परिवर्तन ल्याएपछि सकारात्मिक परीणामहरु देखा परेका छन् र देश लाभान्वित पनि भईरहेको छ।

जलस्रोतमा केवल विजुली मात्रै आउदैन यसमा सिचाई, खानेपानी र नदि नियन्त्रण जस्ता विषय पनि आउछन्। किसानहरुले सिचाँईको समस्या भोगिरहेको अवस्था छ।

किनकि सिचाईको अभावमा चाहेर पनि अपेक्षित अन्न उत्पादन गर्न सकिरहेका छैनन् । सरकारले नहरहरुको अभावमा वैकल्पिक सिचाँइको ब्यवस्थाका लागी अर्बौ रुपैया खर्च गरिरहेको छ जवकी हामी सित उपलब्ध जलस्रोतको सदुपयोगबाट सिचाई समस्याको सजिलै समाधान हुन सक्नेछ, बिजुलीको सदुपयोगबाट सिचाई झन-सस्तो पर्नेछ । अब त यातायातको क्षेत्रमा समेत बिजुली उल्लेखनिय भुमिकाको निर्वाह गरि रहेको छ । विजुली त अहिलेको युगको निम्ति प्राणवायु नै हो। नेपालले भारतमा बिजुली निर्यात गरेर आफ्नो आर्थिक अवस्थामा पनि सुधार ल्यानउने निश्चिहत छ।

# सुध्रिएनन् राजमार्गका होटल, धमाधम कारबाही

शंकर श्रेष्ठ

एक त नागढुङ्गा-नौबिसे सडकखण्डको जाम, त्यसमाथि राजमार्गका होटलमा सडेगलेका खाना । गुनासो गर्दा होटल सञ्चालकबाट उल्टै दुर्व्यवहार । होटल सञ्चालकले असुल्ने मनपरी मूल्य आफ्नै ठाउँमा छ। खाना सफा भएनभन्दा होटलका सञ्चालक र मजदुरले दुर्व्यवहार गर्नुका साथै धम्क्याउने गरेका छन्।

केही दिनअघि काठमाडौँबाट धादिङ आउँदै गर्नुभएकी युनिशा अधिकारीले कान्तिपुर होटलमा दुई सय तिरेर एक प्लेट मःम माग्नुभयो, तर खान सक्नुभएन। खान मिल्ने नै थिएन। खानीखोलास्थित आरपी कोल्ड स्टोर एण्ड खाजा घरमा भेटिनुभएकी अधिकारीले भन्नुभयो, "मःम काँटा चम्चाले टिप्नै नमिल्ने थियो। मुखमा हाल्नसक्ने नै थिएन। गुनासो गर्दा होटलवालाले उल्टै थर्काउँदो रहेछ।

हुन त राजमार्ग आसपासमा सञ्चालन हुने होटलमा यात्रु ठगिने र गुणस्तरहीन खाना खुवाउने विषय नौलो होइन। वर्षौंदेखि सर्वसाधारण यात्रुले भोग्दै आएको समस्या हो यो। राजमार्ग आसपासमा हजारौंको सङ्ख्यामा होटल सञ्चालन भएका छन्। सरकारले मूल्यसूची अनिवार्यरूपमा राख्नुपर्ने नियम ल्याए पनि कार्यान्वयन हुन सकेको छैन। खानाको गुणस्तरमा समेत सुधार हुन सकेको छैन।

गुणस्तरअनुसार खानेकुरा महँगो भयो भनेर सञ्चालकलाई सुनाउँदा प्रायः सबैले धम्क्याइ खेप्नुपर्छ । खाना गुणस्तरीय भएन, महँगो भयो भनेर जसले सुनाउँछ उसले सञ्चालक वा मजदुरबाट खानाको साटो मुखभरिको जवाफ र दुर्व्यवहार सहनुपर्छ । व्यवसायीले आफूखुसी खानाको मूल्य निर्धारण गरी यात्रुसँग चर्को मूल्य असुल्दै आएका छन् । यात्रुहरूले महँगो मूल्य तिरेर पनि बासी खाना खानुपर्ने बाध्यता छ। गाडी सञ्चालक र होटल व्यवसायीको मिलेमतोमा सार्वजनिक सवारीमा आवतजावत गर्ने यात्रु यसरी ठगिँदै आएका छन्। दार्चुलाबाट काठमाडौँ आउँदै गर्नुभएका तारादत्त भट्ट चढेको गाडी पृथ्वीराजमार्गको खयरघारीस्थित कान्तिपुर होटलमा रोकियो। भट्टले खाना मगाउनुभयो, तर दुई गाँस पनि खान सक्नुभएन। सार्वजनिक यातायात चढेर यात्रामा रहनुभएका उहाँलाई बस जहाँ रोकिन्छ त्यहीँ खाना खानुको विकल्प पनि थिएन । भोको पेट भर्नकै लागि खाना खाँदा प्रायजसो चिसो भइसकेको गुणस्तरहीन खानेकुरा जबर्जस्ती खानुपर्ने बाध्यता आइपर्ने भट्टले गुनासो गर्नुभयो। "प्रायजसो बासी खाना भेटिन्छ। महँगो पैसा तिरेर गुणस्तरहीन खानेकुरा जबर्जस्ती खानुपर्ने बाध्यता छ। रु १० पर्ने चियालाई रु ३० सम्म लिन्छ, उहाँले भन्नुभयो।

खानुभन्दा पहिले नै पैसा तिरेर खान लागेको खाना दुई चम्चा पनि खान सकिएन, होटलवालासँग बोल्यो कि कुटुम्ला जस्तो गर्दोरहेछ। हाम्रोमा हुने यस्तै हो, खाए खाऊ नत्र जाऊ भन्दै उल्टै थर्काउँछ, अर्का यात्रु अम्बिका श्रेष्ठले सुनाउनुभयो।

होटलमा पसेर खानेकुरा खाँदा आफूहरु ठगिनु परेको, खानाबारे सोधपुछ गर्दा उल्टै दुर्व्यवहार सहनुपरेको तीतो यथार्थ अधिकांशले कुनै न कुनै बेला भोग्नुपरेकै छ। "सधैँ यहीँ बाटो हिँडिराख्नुपर्छ, माइक्रो यहीँ रोक्छ । होटलवालालाई महँगो भयो ? खाना चिसो रहेछ ? भनेर सोध्नसमेत हुँदैन खानाको साटो गाली खाइन्छ, श्रेष्ठ भन्नुहुन्छ, "कहिले जामले रोकिन्छ कहिले पहिरोले छेकिएर समयमा गन्तव्य पुगिँदैन, जतिसुकै पैसा तिरेर जस्तोसुकै खाना भए पनि भोक मेटाएर हिँड्नु राजमार्गका यात्रुको बाध्यता हो।

राजमार्गका होटल तथा रेस्टुराँ अन्यत्रभन्दा महँगा भएको स्वयं होटल सञ्चालकले नै स्वीकार्ने गरेका छन्। यात्रु ल्याउने गाडीलाई भत्ता दिनुपर्ने र तीन/चार वटा खाना चालक सहचालकलाई निःशुल्क दिनुपर्दा खानाको मूल्य बढी लगाउनुपरेको होटल सञ्चालक कुमार घिमिरेले बताउनुहुन्छ ।



होटल सञ्चालकको मिलेमतोमा बस तथा माइक्रोबस चालकले २० मिनेटमात्र खाना तथा खाजा खाने समय राखेर यात्रुलाई अप्ठ्यारोमा पार्ने गरेका छन् । "बीस मिनेटमा शौचालय जान, हातमुख धुन र खाना, खाजा खान भ्याइँदैन । एउटै होटलमा एकैपटकमा दसौँ गाडी र सयौँ यात्रु हुनेहुँदा शौचालय, धारो र टेबलमा समेत पालो पाउन गाह्रो पर्छ, काठमाडौँ आउँदै गर्नुभएकी राधिका अधिकारीले भन्नुभयो, "खाना थप्न त कता हो कता पहिलेकै खाना बुत्याउन भ्याइँदैन।

पृथ्वीराजमार्गको नौबिसेदेखि बेनिघाट आसपासका होटलले यात्रुलाई सेवा दिने नाममा गुणस्तरहीन खाना खुवाएर मनपरी पैसा असुल्ने गरेको गुनासो आएपछि जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयले अनुगमन थालेको छ। अनुगमनमा परेका अधिकांश होटल फोहरी भेटिएका छन्।

बाहिरबाट टिलिक्क पारिएका होटलको खानामा पनि गुणस्तर नभएको उपभोक्ताले गुनासो गरेका छन् । होटलले भान्छा र भाँडा माँझ्ने ठाउँ एकै ठाउँमा चलाएकोसमेत भेटिएको छ। "बाहिर सरसफाइ छ तर खानामा गुणस्तर छैन। मूल्यसूची राखेको छ। आफ्नै मनोमानीमा तयार गरेकोसमेत भेटियो, घरेलु तथा साना उद्योग कार्यालय धादिङका प्रमुख मेघनाथ गौतमले भन्नुभयो, "किराना पसल होटलले दोब्बरसम्म मूल्य लिएको गुनासो आयो । त्यही गुनासोका आधारमा अनुगमन गर्दा ६० प्रतिशतसम्म बढी मूल्य लिएको पाइएको छ।

जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय धादिङले पृथ्वीराजमार्गअन्तर्गतको धादिङको चरौंदी, बेनिघाट, सलाङघाट, धार्के, नौबिसे क्षेत्र आसपासका होटल तथा खाजाघर र किराना पसलमा शनिबार पनि अनुगमन गरेको छ। गुणस्तरहीन खाना दिने गरेको गुनासोपछि धादिङका सरकारी निकाय अनुगमनका लागि निस्किएका हुन् । होटल अनुगमनका क्रममा अधिकतम खुद्रा मूल्यभन्दा बढीमा सामान बेच्ने, गुणस्तरहीन खानेकुरा बेच्ने होटललाई कारबाही पनि गरिएको छ।

स्थानीय नागरिक तथा यात्रुको गुनासोलाई ध्यान दिएर अनुगमन गरिरहेको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले बताउनुभयो। अनुगमनका क्रममा सरसफाइ नगर्ने, मूल्यसूची नराख्नेलाई पनि कारबाही र सचेत गराइएको छ। मूल्यसूची नराख्नेलाई सात दिनभित्र राख्न निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी लम्सालको भनाइ छ।

सरकारी निकायले अनुगमन नियमित नगर्ने गरेको गुनासो पनि सुनिन्छ तर सरकारी निकायले भने कर्मचारीको कमी, छोटो समयमा कार्यालय प्रमुख तथा कर्मचारीको सरुवा, भौगोलिक जटिलता लगायतका कारण बजार अनुगमन नियमित हुन नसकेको बताउँदै आएको छ। प्रत्येक दिन अनुगमनमै खटिने जनशक्ति नभए पनि आवश्यकताअनुसार अनुगमन गरिरहेको प्रमुख जिल्ला अधिकारी लम्सालको दाबी छ।

पृथ्वीराजमार्ग क्षेत्रमा सञ्चालित होटल तथा खाजा घरमा अनुगमनका क्रममा २० वटा होटल तथा खाजा घर, छ वटा सप्लायर्स र किराना पसल गरी जम्मा २६ वटा फर्मको जिल्ला अनुगमन टोलीद्वारा अनुगमन गरिएको छ। करिब एक लाख एक हजार ५०० रुपैयाँ बराबरको म्याद गुज्रेका र सडेगलेका प्रयोग गर्न अयोग्य सामग्री जफत गरी नष्ट गर्नुका साथै अनुगमनका क्रममा कैफियत भेटिएका १५ वटा फर्मलाई नगद जरिवानासमेत गरिएको प्रमुख जिल्ला अधिकारी लम्सालले जानकारी दिनुभयो। अनुगमनकै क्रममा भेटिएका यात्रुले यस्ता होटल सञ्चालकलाई सरकारले नै कडाइपूर्वक अनुगमन गरेर नै ठेगान लगाउन सुझाव दिने गरेका छन्।

# ट्रेड युनियन अधिकार सुरक्षित गर्न सरकार प्रतिबद्ध : प्रधानमन्त्री देउवा




काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले ट्रेड युनियन अधिकार सुरक्षित गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । नेपाल निजामती कर्मचारी युनियनको स्थापना दिवसका अवसरमा आइतबार आयोजित 'कर्मचारी' (वार्षिक बुलेटिन) विमोचन एवं शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले निजामती कर्मचारी सेवा ऐन छिटो ल्याउन सरकारले गृहकार्य गरिरहेको जानकारी दिनुभयो ।

"कर्मचारी राज्य व्यवस्था सञ्चालनको एक आवश्यक संयन्त्र भएकाले सरकारी नीति-नियम कार्यान्वयन गर्ने अङ्गका रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ भने कोरोनाको महामारी, डेङ्गु, भूकम्प, बाढीपहिरोजस्ता दैवीप्रकोमा उद्धारका लागि कर्मचारी संयन्त्रको महत्वपूर्ण योगदान रहँदै आएको छ"-प्रधानमन्त्री देउवाले भन्नुभयो ।

भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि पनि कर्मचारी लाग्नुपर्नेमा जोड दिनुहुँदै उहाँले जुनसुकै विचारधारा बोकेका भए पनि कर्मचारीले कार्यसम्पादनका क्रममा भने पूर्वाग्रहरहित भएर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कर्मचारीमैत्री निजामती ऐन छिटो ल्याउन उहाँले सरोकार भएका निकायलाई निर्देशन पनि दिनुभयो ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कर्मचारीसँग वार्ता गरेर निजामती ऐनलाई अन्तिम रुप दिई छिटो संसद्मा पेस गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । पटकपटक व्यवस्था परिवर्तन हुन नसक्ने बताउनुहुँदै उहाँले संविधान कार्यान्वयनका लागि पनि छिटोभन्दा छिटो निजामती कर्मचारी ऐन ल्याउन माग गर्नुभयो । "देशमा सुशासन दिन नसक्दा श्रीलङ्काको अवस्था हामीले देखेका छौँ, सुशासन दिन नैतिक शक्ति चाहिन्छ, स्थायित्वप्रति गम्भीर चिन्तन हुनुपर्छ, कानुन बनाउँदा संविधानको भावनाविपरीत जान पाइन्न"-नेता पौडेलले भन्नुभयो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले निजामती सेवा ऐनमा ट्रेड युनियन अधिकार र कर्मचारीको वृत्ति विकासको अधिकार कटौती नगरिने प्रतिबद्धता जनाउनुभयो । ऐन जारी गर्न सबै दल एवं पक्षसँग सहमति गरी सरकार अघि बढ्न लागेको जानकारी पनि उहाँले गराउनुभयो ।

"सरकारको नीति तथा कार्यक्रम र बजेटमा आएको सङ्घीय मामिला प्रशिक्षण प्रतिष्ठान पाँच महिनासम्म विषयगत समितिमा अड्किएको छ, यसले गर्दा काम गर्न समस्या भएको छ"-मन्त्री श्रेष्ठले भन्नुभयो । पदले जो जे भए पनि सबैको आत्मसम्मान हुने भएकाले ट्रेड युनियन अधिकार सुनिश्चित गर्ने राष्ट्रिय तथा अन्तर ाष्ट्रिय कानुनले दिएको अधिकार कसैले खोस्न नसक्नेमा उहाँले जोड दिनुभएको थियो । राज्यमा हाल ७६१ सरकार रहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले ती सबै सरकार अन्तर्गतका कर्मचारीतन्त्रलाई व्यवस्थित बनाउन मन्त्रालय लागिपरेको बताउनुभयो ।

पूर्वमन्त्री एवं राष्ट्रियसभा सदस्य कमला पन्तले कर्मचारीलाई उत्साहित बनाउने गरी निजामती कर्मचारी सेवा ऐन तत्काल आउनुपर्नेमा जोड दिनुभयो । युनियनका अध्यक्ष गोपालप्रसाद पोखरेलले सङ्घीय निजामती सेवा ऐन जारी गर्दा कर्मचारीका मुद्दा समावेश गर्न माग गर्नुभयो । "ऐन जारी नभएकाले पाँचवटा निजामती कर्मचारी सङ्गठन एक भएर आन्दोलनमा लागेका छौँ, संविधानपछि देश चलाउने महत्वपूर्ण दस्तावेज निजामती ऐन हो, त्यो अझै जारी भएन, सरकारले वार्ता समिति गठन गरेर कर्मचारीका समस्या समाधान गरी ऐन जारी गरोस्, प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत केन्द्रबाटै पठाउने व्यवस्था हुनुपर्छ, यी दुवै पदमा केन्द्रबाट नपठाए अराजकता हुन्छ, तहगत प्रणाली लागू नगरे कर्मचारीको वृत्ति विकास हुँदैन"-उहाँले भन्नुभयो ।

कर्मचारी युनियनका संस्थापक अध्यक्ष योरजङ्ग कार्की, पूर्व अध्यक्षद्वय शोभाकर रेग्मी र भानुभक्त ढकाल, वरिष्ठ उपाध्यक्ष उत्तमकुमार कटुवाल, महासचिव नवराज रावललगायतले निजामती कर्मचारी मैत्री ऐन ल्याउन सरोकार भएका निकायसँग माग गर्नुभएको थियो । कार्यक्रममा युनियनको विभिन्न पदमा रही काम गरेका पदाधिकारी एवं निजामती सेवाबाट निवृत्त भएका पूर्वपदाधिकारीलाई सम्मान गरिएको थियो ।

युनियन स्थापना गर्न महत्वपूर्ण योगदान गर्ने संस्थापक अध्यक्ष, संस्थापक सदस्य एवं पूर्व अध्यक्षलाई पनि सो अवसरमा सम्मान गरिएको थियो । विसं २०४७ फागुन १२ गते नेपाल निजामती कर्मचारी सङ्घ स्थापना भएको थियो । यो संस्थालाई सर्वोच्च अदालतले वैधानिकता नदिएपछि श्रम कानुन अनुसार विसं २०५९ भदौ १९ युनियन दर्ता भएको पनि कार्यक्रममा जानकारी गराइएको थियो ।रासस

# सय दिनको अवधिमा आशा जगाउने काम सुरु गरेको छु : प्रमुख साह



काठमाण्डु । काठमाण्डु महानगरपालिकाका प्रमुख बालेन्द्र साहले आफ्नो विगत एक सय दिनको अवधिमा नागरिकलाई आशा जगाउने कामको सुरुवात गरेको बताउनुभएको छ ।

महानगर प्रमुखको कार्यभार सम्हालेको एक सय दिन पुगेको स्मरण गर्दै आइतबार प्रमुख साहले आफ्नो विगत सय दिनको कार्यकाल कस्तो रह्यो भन्ने बारेमा आफैँले मूल्याङ्कन गर्नेभन्दा पनि आम मानिसले कसरी हेर्नु भयो भन्ने बढी अर्थपूर्ण हुने बताउनुभयो ।

अहिले सय दिनको दौडानमा रहे पनि आफूसँग पाँच वर्षका लागि योजना रहेको बताउँदै उहाँले अझै केही समय गाली र आलोचना मात्रै सहन तयार हेको भन्दै हतार गरेर महानगरका समस्याको दीगो समाधान र व्यवस्थापनको बाटोबाट अन्यत्र मोडिन तयार नरहेको सुनाउनुभयो । अवैध संरचना हटाउने कामका कामपा निरन्तर लागिरहेको स्मरण गर्दै प्रमुख साहले भन्नुभयो, "जुन प्रयोजनका लागि उपयोग गर्ने निर्माण भएको छ त्यहीँ रुपमा प्रयोग हुनुपर्छ, हामीले चाहेको यति मात्रै हो, कुनै पनि सर्तमा यो नियम लागू गर्न हामी पछि हट्ने छैनौँ, फुटपाथ हटाएको सन्दर्भ वास्तविकतामा उभिएर समाधान खोज्दा जे गर्नु पर्थ्यो, त्यहीँ गर्यौँ, फुटपाथको आधारभूत निर्माण नै पैदलयात्रीका लागि हो, सहरको वास्तविक व्यवस्थापनका लागि फुटपाथ खुल्ला हुन पनि जरुरी हुन्छ, महानगरले पहिले फुटपाथका व्यापारीलाई अन्यत्र राखेर खुल्ला गर्ने कोसिस गरेको थियो, जुन पूर्णरुपमा असफल भयो ।"

फुटपाथ हटाएको प्रभाव बानेश्वर तथा असनलगायत क्षेत्रमा सकारात्मक रुपमा देखिन थालेको उहाँको भनाइ छ । ई-स्पोर्टसका लागि लागि रु एक करोड बजेट छुट्याइएको उहाँले बताउनुभयो ।

यमबुद्धको सालिक बनाउने सन्दर्भमा उल्लेख गर्दै उहाँले भन्नुभयो, "समाजको एउटा पुस्ताको ठूलो सङ्ख्याले आफ्नो भविष्य र कलामा खोजी रहेको कुरालाई स्थापित गराउन बहस र छलफल गराउने विषय पनि सकारात्मक रहेको छ ।" मान्छे एउटै जीवनभित्र फरक फरक भूमिकामा हुने भन्दै उहाँले आफू सार्वजनिक व्यक्तित्व भएका कारणले समाजमा आफ्ना कार्यले पार्नसक्ने प्रभावका बारेमा भने सजग रहेको पनि बताउनुभयो ।

फोहर व्यवस्थापनको सवालमा आशा गरे जति काम हुन नसके पनि झण्डै दुई दशकदेखि कुहिएर रहेको समस्यालाई सतहमा ल्याउन सफल भएको भन्दै प्रमुख सहाले त्यसबाट वास्तविक समस्याको पहिचान गरी दीगो समाधानका उपाय खोज्न सकिने बताउनुभयो ।रासस

# भारतीय सेनाध्यक्ष काठमाण्डुमा

काठमाण्डु । प्रधानसेनापति प्रभुराम शर्माको औपचारिक निमन्त्रणामा भारतीय सेनाध्यक्ष जनरल मनोज पाण्डे नेपालको पाँच दिवसीय भ्रमणका लागि आइतबार काठमाण्डु आइपुग्नुभएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उहाँलाई बलाधिकृत रथी बालकृष्ण कार्कीले हार्दिक स्वागत अभिवादन गर्नुभयो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सेनाध्यक्ष पाण्डेलाई नेपाल भ्रमणकै क्रममा सोमबार दिउँसो नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नुहुनेछ । राष्ट्रपति भण्डारी नेपाली सेनाका परमाधिपति हुनुहुन्छ ।

नेपाल र भारतबीच सन् १९५१ देखि एक-अर्का देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने अनुपम प्रचलन रहिआएको छ । विसं २००७ मा भारतीय सेनाका फिल्ड मार्सल केएम करिअप्पालाई पहिलो पटक नेपाली सेनाको मानार्थ प्रधानसेनापतिको सम्मान प्रदान गरिएको थियो ।

विसं २०२६ मा तत्कालीन नेपाली सेनाका प्रधानसेनापति सुरेन्द्रबहादुर शाहले पहिलोपटक भारतीय सेनाको मानार्थ सेना प्रमुखको पदवी पाउनुभएको थियो ।

अघिल्लो वर्ष प्रधानसेनापति शर्माले भारतीय सेनाको मानार्थ महारथी ग्रहण गरिसक्नुभएको छ । हालसम्म भारतका २१ र नेपाली सेनाका १७ सेनापतिले यस्तो सम्मान प्राप्त गरिसक्नुभएको छ । प्रधानमन्त्री एवं रक्षामन्त्री शेरबहादुर देउवासँग भारतीय सेनाध्यक्ष पाण्डेले मङ्गलबार भेट गर्नुहुने कार्यक्रम छ ।

नेपाल भ्रमणका क्रममा सेनाध्यक्ष पाण्डे सैनिक मञ्च टुँडिखेलस्थित वीरस्मारकमा श्रद्धाञ्जली अर्पण, सम्मान गारत निरीक्षण, वृक्ष रोपण, प्रधानसेनापति शर्मासँग भेटवार्ता, सहयोग सामग्री हस्तान्तरण, कमाण्ड तथा स्टाफ कलेजका शिक्षार्थीसँग अन्तर्क्रियालगायतका कार्यक्रमा सहभागी हुनुहुनेछ ।

सेनाध्यक्ष पाण्डेको भ्रमणका क्रममा नेपाली सेनालाई करिब रु २२ करोड ३८ लाख ३८ हजार मूल्य बराबरको तोप मर्मतसम्भारका पार्टपूर्जा, घोडा, विस्फोटक पदार्थ प्रतिरोध सवार ासाधन र घुम्ती अस्पतालका लागि आवश्यक उपकरण सहयोगस्वरुप उपलब्ध हुने बताइएको छ ।रासस

# विधेयक स्वीकृत

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकले केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई स्वीकृत गरेको छ ।

बैठकमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला) ले प्रस्तुत गर्नुभएको उक्त प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको हो ।

विधेयकमाथिको सामान्य छलफलमा सांसद मीनबहादुर विश्वकर्मा, शेरबहादुर तामाङ, गोकुलप्रसाद बाँस्कोटा, दिव्यमणिराज भण्डारी र यशोदा गुरुङ सुवेदीले बोल्नुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही भदौ २१ गते मङ्गलबार दिउँसो १ बजे बस्नेछ ।रासस

# यार्सागुम्बाको उर्बर क्षेत्र संरक्षण गर्ने हाम्रो उद्देश्य छ : मन्त्री बडू

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले सुदूरपश्चिमसहित देशैभरीमा हिमाली जिल्लामा पाइने बहुमूल्य जडिबुटी यार्सागुम्बाका उर्बर क्षेत्रलाई संरक्षण गर्ने मन्त्रालयको उद्देश्य रहेको बताउनुभएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र दार्चुलाको मार्मा गाउँपालिकाबीच भएको ' निजी क्षेत्रको सहभागितामा दार्चुलाको अपी नाम्पा संरक्षण क्षेत्रस्थित लटिनाथ, मार्मामा यार्सागुम्बा संरक्षण तथा प्रशोधनका लागि केन्द्र स्थापना' गर्न सहयोग आदानप्रदानसम्बन्धी सम्झदारी पत्रमा आज हस्ताक्षर गर्दै मन्त्री बडूले दार्चुलाको अपिनाम्पा क्षेत्रसहित हिमाली क्षेत्रमा पाइने यार्सागुम्बाको थप अध्ययन तथा अनुसन्धानसहित त्यहाँका उर्बर क्षेत्रलाई संरक्षण गरिने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "यार्सागुम्बा के हो, यो किन बुहुमूल्य भयो, यसको उपयोगिता के हो, यसको उर्बरता के हो, हामी यसको वैज्ञानिक अध्ययन सुरु गर्दैछौँ । संरक्षण पनि गर्छौं ।" मन्त्री बडूले यार्सागुम्बालाई कसरी संरक्षण गर्ने, हाम्रो मुलुकमा यसको कसरी प्रशोधन गर्ने, अनि यार्सा सङ्कलक, व्यापारी तथा सरकारलाई राजस्वसहित कसरी फाइदा पुग्छ भन्नेतर्फ मन्त्रालयको ध्यानाकर्षण भएको उहाँले बताउनुभयो ।

देशभित्र यार्सागुम्बाको वैज्ञानिक अध्ययन हुन नसकेको उल्लेख गर्दै मन्त्री बडूले यार्सा सङ्कलन गरेर आम्दानी गरे पनि यसको उर्बरता कसरी बढ्छ भन्ने विषयमा खासै जानकारीमा नआएको बताउनुभयो । "यार्सागुम्बाका विषयमा वैज्ञानिक अध्ययन तथा अनुसन्धान हुन जरुरी छ", उहाँले भन्नुभयो, "यस विषयमा मन्त्रालयले अध्ययन अनुसन्धानका कार्यहरु अगाडि बढाएको छ ।"

यार्सागुम्बा अध्ययन तथा अनुसन्धनका लागि विज्ञसहितको टोली यार्सा पाइने सुदूरपश्चिमका हिमाली जिल्लासहित देशैभरी पठाउने मन्त्रालयको उद्देश्य रहेको मन्त्री बडूले जानकारी दिनुभयो । यसअघि आफू वन तथा वातावरणमन्त्री भएकै बेलादेखि नै यार्सागुम्बा प्रशोधन केन्द्र तथा संरक्षणका लागि पहल गरेको मन्त्री बडूले उल्लेख गर्नुभयो ।

मन्त्रालयका सचिव डा तोयनारायण ज्ञवालीले नेपाल चिनाउने विभिन्न जडिबुटीमध्ये यार्सागुम्बा पनि एक भएको र विश्व बजारमा पुर्याउन खासै खर्च नलाग्ने भएकाले यार्सागुम्बा नेपाली ब्राण्ड हो भनेर लोगोसहित विदेश पठाउनका लागि मन्त्रालय लागि परेको सो अवसरमा जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "विश्व बजारमा यार्सा नेपाली ब्राण्ड हो भनेर अब चिनाउनुपर्ने बेला आएको छ, यसका लागि मन्त्रालयले विभिन्न काम गर्दै छ, यसबाट सरकार, यार्सागुम्बा सङ्कलक र व्यापारीलाई प्रत्यक्ष फाइदा पुग्ने छ ।"

सो अवसरमा मार्मा गाउँपालिकाका अध्यक्ष जमनसिंह धामीले दार्चुलाको हिमाली भेगमा पाइने यार्सागुम्बाका विषयमा अध्ययन अनुसन्धान गरी प्रशोधनका लागि कदम चाल्नुपर्ने बताउनुभयो ।रासस

## श्री धर्म संस्था

**(राम स्वरुप साह, राम सागर सह)**

**मिल्स एरिया ज.उ.म.न.पा – १ धनुषा**

## भैरव साह - लक्ष्मिनीया देवी छात्रवृति २०७९ तथा सुनौलो प्रमाण - पत्र (गोल्डेन सर्टिफिकेट) प्रदान सम्बन्धी सुचना

१. वि.स. २००१ सालमा बन्धेज पत्रको आधारमा स्थापित भई वि.सं. २०४६ सालमा श्री जि.प्र.शा.का.धनुषाबाट विधिवत रुपमा दर्ता भै संचालनमा रहेको श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह) जिल्ला धनुषा, ज.उ.म.न.पा.१.द्वारा वि.स. २०६४ सालबाट प्रदान गरिदै आएको "भैरव साह - लक्ष्मिनीया देवी छात्रवृति" कार्यक्रम अन्तर्गत सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाका **सामुदायिक विद्यालयहरुबाट वि.सं. २०७८ सालको एस.ई.ई. परीक्षामा GPA.2.4 वा सो भन्दा बढी अंक प्राप्त गरेका ३–३ जना विद्यार्थीहरुलाई** कार्यसमितिको निर्णय तथा छात्रवृति उपसमितिद्वारा निर्धारित नियम तथा छनौटका आधारमा "**भैरव साह – लक्ष्मिनीया देवी छात्रवृति २०७९**" तथा सम्बन्धित विद्यालयलाईसमेत सम्मान गरिने भएको हुंदा ईच्छुक विद्यार्थीहरुलाई **मिति २०७९/०५/१० गते देखि २०७९/०५/२४ गते सम्ममा संस्थाले उपलब्ध गराएको निवेदन फारम भरी संस्थामा बुझाउनको लागि सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध गर्दछौ ।**

२. "**भैरव साह – लक्ष्मिनीया देवी छात्रवृति २०७९**" वितरण कार्यक्रमको अवसरमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाका छात्रछात्राहरु मध्येबाट २०७८ सालको एस.ई.ई. परीक्षामा सार्वधिक अंक प्राप्त गर्ने प्रत्येक जिल्लाका एक जना छात्र र एक जना छात्रालाई समेत "**सुनौलो प्रमाण पत्र (गोल्डेन सर्टिफिकेट)**" प्रदान गर्नुको साथै सम्बन्धित विद्यालयलाई समेत सम्मान गरिने हुंदा सम्बधित जिल्लाहरुका सामुदायिक वा निजि विद्यालयहरुका छात्रछात्राहरुले मिति २०७९/०५/१० गते देखि २०७९/०५/२४ गते भित्र संस्थाबाट उपलब्ध निवेदन फारम भरी संस्थामा बुझाउनकोलागि सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**निवेदन फारम उपलब्ध हुने सम्पर्क स्थानहरू :**

१. **धनुषा जिल्ला :–** **श्री धर्म संस्था**
   (क) श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह), मिल्स एरिया ज.उ.म.न.पा. १
   (ख) श्री राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था लि., पिडारी चौक, फोन नं. ०४१-५९०००९

२. **सिरहा जिल्ला :–**
   (क) श्री जिल्ला शिक्षा विकास तथा समन्वय इकाई, सिरहा, फोन नं. ०३३- ५२०००४
   (ख) श्री सीता नोबेल न्यूज सेन्टर, लहान - १, सिरहा

३. **महोत्तरी जिल्ला :–**
   (क) श्री जिल्ला शिक्षा विकास तथा समन्वय इकाई, महोत्तरी ।
   (ख) शान्ति अटो एण्ड टेडडिङ्ग वर्दिवास, ...............रामगोपालपुर, महोत्तरी फोन नं. ०४४-५५०५५२

४. **सप्तरी जिल्ला :–** ................................

३. **नतिजा प्रकाशन** : मिति २०७९/०६/०४ गते

**नोट : विद्यार्थीहरुले संस्थाको Email आईडिमा मा पनि फर्म पठाउनु हुने छ ।**
**shreedharmsanstha997@gmail.com**

**छात्रवृति उपसमितिका पदाधिकारीहरुको सम्पर्क नम्बरहरु :**
(क) **संयोजक – शिव दयाल साह**
मो.नं. ९८४४३१२५५५
(ख) **सदस्य – विद्याकर प्रसादसाह**
मो.नं. ९८५४०२०२५१
(ग) **सदस्य – राज देव मिश्र**
मो.नं. ९८४४०५५६३२

**छात्रवृति उप– समिति**
**ज.उ.म.न.पा.– १,धनुषा**
**फोन.नं.०४१–५९०५९३**
**shreedharmsanstha997@gmail.com**

## वितरण कार्यक्रमको नियम तथा छनौटका आधारहरू

**उपरोक्त छात्रवृति तथा सुनौलो प्रमाण पत्र प्रदान गर्नका निमित योग्य उम्मेदवारहरुको लागि देहाय बमोजिमको छनौट आधारहरुहुने छन् :**

१. वि. सं. २०७८ सालको नियमित एस.इ.इ परीक्षामा धनुषा, महोत्तरी, सिरहा, सप्तरी र सर्लाही जिल्लाका सामुदायिक विद्यालयहरुबाट GPA.2.4 वा सो भन्दा वढी अंक ल्याइ उत्तीर्ण गरेका विद्यार्थीहरु मात्र सो निवेदन दिनको लागि योग्य मानिने छन् ।
२. सम्बन्धित विद्यार्थीहरुले मिति २००७९/०५/१० गते देखि २०७९/०५/२४ गतेसम्म निवेदन फारम भरी आवश्यक कागजातहरु सहित बुझाउनु पर्नेछ ।
३. तोकिएको समयभित्र प्राप्त निवदेनहरु मध्ये धनुषा, महोत्तरी, सिरहा, सप्तरी र सर्लाही जिल्लाका उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरु मध्येबाट तीन/तीन जनालाई "भैरव साह - लक्षिमिनीया देवी छात्रवृति - २०७९" अन्तर्गत निम्नानुसारको पुरस्कार राशी र प्रमाणपत्र प्रदान गरिने छ । तर प्राप्तंकको आधारमा छात्र मात्र छानिने अवस्था आएको खण्डमा तृतियस्थानको छात्रलाई हटाई त्यस स्थानमा प्रत्येक जिल्लाबाट छात्राहरुमध्ये बढि अंक ल्याउने छात्रालाई नै अनिवार्य रुपमा छात्रवृतीको लागि छनौट गरिने छ ।
   **(क) प्रथम पुरस्कार रु २५,०००।०० (अक्षरेपी – पच्चिस हजार रुपैया मात्र) र प्रमाण – पत्र**
   **(ख) द्वितिय पुरस्कार रु २२,०००।०० (अक्षरेपी – वाइस हजार रुपैया मात्र) र प्रमाण – पत्र**
   **(ग) तृतिय पुरस्कार रु २०,०००।०० (अक्षरेपी – वीस हजार रुपैया मात्र) र प्रमाण – पत्र**
   **र गोल्डेन सर्टिफिकेट वापत रु १०,०००।०० (अक्षरेपी – दश हजार रुपैया मात्र) र प्रमाण– पत्र**
४. सुनौलो प्रमाण पत्र (गोल्डेन सर्टिफिकेट) को लागि २०७८ सालको एस.इ.इ. परीक्षामा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाका सामुदायिकवा प्राइभेट विद्यालयहरुवाट पाँचै जिल्लाबाट सबभन्दा बढी अंक ल्याई उतिर्ण भएको एक जनालाई सुनौलो प्रमाण पत्र (गोल्डेन सर्टिफिकेट) प्रदान गरिनेछ । सो सम्बन्धित निकायबाट प्रमाणित गराई पेश नर्गु पर्नेछ ।
५. प्रदेश स्तरीयको ०७८ सालको लागि एस.इ.इ. परीक्षमा मधेश प्रदेशवाट सामुदायिक वा प्राइभेट विद्यालयहरुवाट प्रथम, द्वितिय र तृतिय स्थान प्राप्त हुने विद्यार्थीहरुलाई तपसिल अनुसारका राशिफल उपलब्ध गराईने छ ।
   **(क) प्रथम पुरस्कार रु ३०,०००।०० (अक्षरेपी – तीस हजार रुपैया मात्र) र प्रमाण – पत्र**
   **(ख) द्वितिय पुरस्कार रु २७,०००।०० (अक्षरेपी – सताइस हजार रुपैया मात्र) र प्रमाण – पत्र**
   **(ग) तृतिय पुरस्कार रु २५,०००।०० (अक्षरेपी – पच्चिस हजार रुपैया मात्र) र प्रमाण – पत्र**
६. छात्रवृति, सुनौलो र मधेश-प्रदेश स्तरीय प्रमाणपत्र प्राप्त गर्ने विद्यार्थीहरुलाई समेत प्रमाण पत्र प्रदान गरिनेछ ।
७. छात्रवृति कार्यक्रम सम्बन्धि अन्तिम निर्णय श्री धर्म संस्था कार्यालयको हुनेछ ।
८. रितपूर्वक समयभित्र प्राप्त निवेदनहरु माथि मात्र बिचार गरिने छ ।
९. निवेदन फारम निःशुल्क उपलब्ध हुनेछ ।
१०. निवेदन जम्मा गर्ने मिति २०७९/०५/१० गते देखि २०७९/०५/२४ गते सम्म (बिहान ११:०० बजे देखि सांझ ५: ०० बजेसम्म)
११. छात्रवृति परिणामको घोषण मिति २०७९/०६/०४ गतेमा गरिने छ ।
१२. छात्रवृति लिन सफल भएका विधार्थीहरु लाई छात्रवृति लिने मितिको जानकारी गराइनेछ ।
१३. छात्रवृतिको लागि एस.इ.इ.मा प्राप्त कुल अंकलाई आधार मानिने छ । यदि कुल अंक जुध्न गएमा अनिवार्य गणित, विज्ञान तथा अंग्रेजी समेतको कुल अंकमा बढि हुनेलाई छात्रवृति दिइनेछ । तर सो तीनै विषयको कुल अंक बराबरीका स्थितिमा दलित, जनजाती तथा पिछडा वर्ग विधार्थीहरुलाई क्रमशः प्राथमिकता दिइने छ ।
   **छात्रवृति उपसमितिः**
   (क) संयोजक -शिव दयाल साह
   (ख) सदस्य -विद्याकर प्रसाद साह
   (ग) सदस्य -राज देव मिश्र
१४. **सम्पर्क स्थान र टेलिफोन नं. :**
   श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह), मिल्स एरिया, ज.उ.म.न.पा.- १, धनुषा मो नं. ९८४४३१२५५५/०४१-५९०५९३, shreedharmsanstha997@gmail.com
**१५. नोट** :-
   (क) छात्रवृति रकम लिन आउंदा विद्यार्थीहरुले आफूले पेश गरेको प्रमाणपत्रको सक्कल प्रति अनिवार्य रुपले लिएर आउनु पर्ने छ ।
   (ख) नेपाल सरकारले निर्धारित गरेको सम्बधित आयोग/परिषदमा उल्लेखित दलित, जनजाती, पिछडा वर्ग विद्यार्थीहरुले उ.म.न.पा/न.पा./गा.पा. को सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।
   (ग) सुनौलो प्रमाण पत्र (गोल्डेन सर्टिफिकेट) का लागि निवेदक छात्र/छात्राहरुले प्रमाण पत्र प्रदान गरिने दिन आफूले प्राप्त गरेको प्रमाण पत्रको सक्कल प्रति अनिवार्य रुपले लिएर आउनु पर्ने छ ।

*धन्यवाद ।*

# फिफा विश्वकपको ट्रफी दुई दिन घानामा राखिने

**सिन्ह्वा**

आक्रा। फिफा विश्वकप फुटबलको ट्रफी दुई दिने भ्रमणको सुरुआतमा शनिबार यहाँ आइपुगेको छ।

विश्वकप ट्रफीसँगै फ्रान्सका लिजेन्ड तथा विश्वकप सद्भावना दूत डेभिड ट्रेजेगुएट पनि घानामा आउनुभएको छ।

घाना फुटबल संघ (जीएफए) का अध्यक्ष कर्ट ओक्राकुले घानाको भूमिमा ट्रफी आइपुगेकोमा खुशी व्यक्त गर्दै भन्नुभयो,"म अत्यन्त ऊर्जावान र उत्प्रेरित छु र मलाई लाग्छ कि यो प्रेरणा हाम्रो फुटबल टोलीमा प्रवेश गर्नेछ।'

ट्रफी टूरले फुटबल प्रशंसकहरूलाई फुटबलमा सबैभन्दा प्रतिष्ठित प्रतीक हेर्न र विश्वको सबैभन्दा ठूलो, सबैभन्दा प्रत्याशित खेल घटनाहरूमध्ये एकको वास्तविक जादूको अनुभव गर्न आमन्त्रित गरेको छ।

सन् २०२२ मा कतारमा नोभेम्बर र डिसेम्बरमा आयोजना हुने फिफा विश्वकपमा भाग लिने पाँच अफ्रिकी मुलुकमध्ये घाना पनि एक हो।

# भारतको सक्रिय भूमिकामा प्रधानमन्त्रीको जोड

**एएनआई**

ढाका। बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले रोहिङ्ग्या आप्रवासी बङ्गलादेशका निम्ति ठूलो बोझ बनेका बताउँदै त्यसलाई समाधान गर्न भारतको सक्रिय भूमिकाको आफूले अपेक्षा गरेको बताउनुभएको छ।



रोहिङ्ग्या आप्रवासीहरूलाई उनीहरूको मातृभूमि फर्कने सुनिश्चितताका निम्ति बङ्गलादेशले अन्तरराष्ट्रिय समुदायसँग सम्पर्क गरिरहेको बताउँदै उहाँले उक्त समस्या समाधानमा भारतको प्रमुख भूमिका हुनसक्ने उल्लेख गर्नुभएको छ।

सोमबारदेखि हुन लागेको आफ्नो भारत भ्रमणका सन्दर्भमा एएनआईसँगको कुराकानीमा उहाँले आफ्नो देशमा ११ लाख रोहिङ्ग्याको उपस्थितिले राज्य सञ्चालनमा चुनौती थपिएको चर्चा गर्दै रोहिङ्ग्या समस्या समाधानका निम्ति भारतसहित अन्य छिमेकी राष्ट्रहरूसँग पनि परामर्श भइरहेको बताउनुभयो। "अन्तरराष्ट्रिय समुदायले यस्तो कदम चालुन् जसले रोहिङ्ग्यालाई घरफर्कन् सहयोग पुगोस्," उहाँले भन्नुभयो।


आफ्नो सरकारले मानवीय पक्षलाई दृष्टिगत गरी विस्थापित समुदायलाई आश्रय दिएको तथा उनीहरूको हेरचाह गरिरहको बताउँदै बङ्गलादेशका प्रधानमन्त्रीले कोरोना महामारीको कठिन समय पनि मानवीय आधारमा सहयोग गरेको तथा सबै रोहिङ्ग्यालाई खोप उपलब्ध गराएको सुनाउनुभयो। उहाँले प्रतिप्रश्न गर्नुभयो, "तर उनीहरू कहिलेसम्म यहाँ बस्ने ?" चाँडोभन्दा चाँडो उनीहरूलाई स्वदेश फर्काउँदा बङ्गलादेशका साथै म्यान्मालाई पनि राम्रो हुने उहाँले उल्लेख गर्नुभयो।

रोहिङ्ग्याको उपस्थितिले बङ्गलादेशको सामाजिक संरचनामा समस्या उत्पन्न भएको, कोही लागु औषध ओसारपसारमा लागेका, कोही हतियारसहित द्वन्द्व निम्त्याउनेतर्फ लागेका र कोही महिला बेचबिखनमा संलग्न भएका बताउँदै प्रधानमन्त्री हसिनाले उनीहरूको शीघ्र घर फिर्तीका लागि दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान) तथा संयुक्त राष्ट्रसङ्घलगायत अन्तरराष्ट्रिय समुदायसँग छलफलमा रहेको जानकारी दिनुभयो।

आफ्नो देशले धेरै समस्याको सामना गरिरहेका बेला रोहिङ्ग्यालाई शरण दिएको बताउँदै उहाँले अब उनीहरू आफ्नो देश फर्कनुपर्नेमा जोड दिनुभयो। उक्त समस्या समाधानमा छिमेकी देशका नाताले भारतले ठूलो भूमिका निर्वाह गर्नसक्ने उहाँले बताउनुभयो। टिस्टा नदीको पानी बाँडफाँटलगायत आपसी विवाद समाधान हुन नसक्ने आफूलाई नलागेको उहाँले बताउनुभयो। भारतसँगका सम्बन्धका सबै विषयमा नयाँदिल्लीमा छलफल हुने पनि उहाँले स्पष्ट गर्नुभयो।

# हिमचितुवा घिमिरे के वान वर्ल्ड जिपी २०२२ प्रतियोगिताको सेमिफाइनलमा भिड्दै

काठमाण्डु। 'के वान वर्ल्ड जिपी २०२२' प्रतियोगिताको सेमिफाइनलमा नेपाली युवा बक्सर अविरल घिमिरे र थाइल्याण्डका बक्सर जोमथोङ चुवात्नाबीच भिडन्त हुने भएको छ। जापानको योकोहामा सहरस्थित एरिना सेन्टरमा यही भदौ २६ गते आयोजना हुने ७० केजी तौल समूहको उक्त सेमिफाइनलमा 'हिमालयन चितुवा' नामले विश्वप्रसिद्ध घिमिरेले जोमथोङलाई रिङमा पराजित गरेमा उहाँ 'के वान वर्ल्ड च्याम्पियन' उपाधिका लागि फाइनलमा पुग्नुहुनेछ।




उहाँले फाइनलमा जापानका विश्वच्याम्पियन बक्सर वाजिमा हिरोमीसँग प्रतिष्पर्धा गर्नुहुने छ। हिमचितुवाले प्रशिक्षणका क्रममा आफ्नो सामाजिक सञ्जालमा प्रतिस्पर्धीले के-कति खेल खेलेको छ वा जित हासिल गरेको छ भन्दा पनि उसको कमजोरी पत्ता लगाई मेहेनतका साथ विगतका खेलको कमजोरीलाई दोहोरिन नदिई रिङमा उत्रने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "जस्तोसुकै प्रतिस्पर्धी भए पनि खेलमा कहिले पनि आत्मसमर्पण गरी झुक्दिनँ। मेरो लक्ष्य भनेको खेल जित्नु र नेपालको झण्डा फरफराउनु हो। मेरो खेल हेर्न उपस्थित नेपाली दर्शकको मलाई हौसला र प्रेरणा आवश्यक हुन्छ। हलमा उपस्थित नेपालीसहित अन्य दर्शकले गर्ने मायाले मलाई खेलमा जोश र थप ऊर्जा मिल्ने गर्दछ।"

युवा पुस्ताका चर्चित २२ वर्षीय बक्सर हिमचितुवाले सानै उमेरदेखि ऐतिहासिक सफता हासिल गर्दै आइरहनुभएको छ। उहाँले हालसम्म १७ अन्तर्राष्ट्रिय किक बक्सिङ प्रतिस्पर्धा भिडन्त गर्दा १३ प्रतियोगितामा नकआउटद्वारा र एक खेल अङ्कका आधारमा ऐतिहासिक जीत निकाली अन्तर्राष्ट्रिय रेकर्ड कायम गरिसक्नुभएको छ।

जसमा 'हिट प्राफेसलन किक बक्सिङ' १३ भिडन्तमा शतप्रतिशत सफलता हासिल गर्न सफल हुनुभएको छ भने चारपटक 'हिट च्याम्पियनसिप' को 'बेल्ट च्याम्पियन' भई अन्तर्राष्ट्रिय रेकर्डसमेत राखिसक्नुभएको छ। 'केवान प्रोफेसनल किक बक्सिङ' मा भने चार भिडन्तमध्ये दुईमा नकआउट गर्दै प्रतिस्पर्धा आफ्नो पक्षमा ल्याउनुभएको छ।

खेल जीवनको यात्रामा हिमचितुवाका पिता देव घिमिरे मुख्य प्रशिक्षक रही आफ्नो छोरालाई निरन्तर पाँच वर्षदेखि प्रशिक्षण दिँदै आइरहनुभएको छ। चन्द्रागिरि नगरपालिका-१२ गुर्जुधारा निवासी हिमचितुवा विगत पाँच वर्षदेखि जापानको नागोया सहरमा बस्दै आइरहनुभएको छ।

देव स्वयं लामो समयपूर्व क्युकोसिन फुल कन्ट्याक खेलका अन्तर्राष्ट्रिय खेलाडी हुनुहुन्थ्यो। उहाँ सन् २००४ मा के वान खेल्ने पहिलो दक्षिण एसियाली खेलाडी हुनुहुन्छ। उहाँले कोरियामा भाग लिई रेकर्ड कायम गर्नुभएको थियो। आफ्ना पिता देवको अलवा हाल हिमचितुवालाई दुई थाइल्याण्डका प्रशिक्षकले दैनिक आठ घण्टा प्रशिक्षण दिँदै आइरहेका छन्। हिमचितुवा हाल जापानको नागोया सहरस्थित सिमुरा डोजोबाट खेल्दै आइरहनुभएको छ।रासस

# बाढीपीडितलाई सहयोग गर्न पाकिस्तानको अपिल

**एपी**

इस्लामाबाद। पाकिस्तानले हालैको बाढीबाट प्रभावित भएका देशका तीन करोड ३० लाख बाढीपीडितलाई सहयोग गर्न अन्तरराष्ट्रिय समुदायसमक्ष अपिल गरेको छ।



बाढीमा परेर झण्डै एक हजार तीन सय जनाको मृत्यु भएको जनाउँदै पाकिस्तान सरकारले मानवीय सहायताको प्रतीक्षामा रहेका तीन करोड ३० लाख आफ्ना नागरिकका निम्ति सहयोग गर्न अन्तरराष्ट्रिय समुदायसँग आग्रह गरेको हो।

सङ्घीय योजना मन्त्री अहसान इकबालले निरन्तरको वर्षासँगै आएको बाढीले तीन करोड ३० लाख सर्वसाधारण प्रभावित भएका, ज्यान गुमाउने र घरबारविहीन हुनेको सङ्ख्या बढ्दै गएपछि शनिबार अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनु भएको हो।

"पाकिस्तानी प्रवासीहरू र अन्तरराष्ट्रिय समुदायलाई चरम अभावको यो घडीमा पाकिस्तानलाई सहयोग गर्न अपील गर्दछु," पत्रकार सम्मेलनमा उहाले आह्वान गर्दै भन्नुभयो। सरकारको प्रारम्भिक अनुमानअनुसार वर्षा र बाढीबाट १० अर्ब डलर बराबरको क्षति भएको छ।

संयुक्त राष्ट्रसङ्का महासचिव एन्टोनियो गुटेरेसलगायत धेरै अधिकारी र विज्ञले असामान्य वर्षा र बाढीलाई जलवायु परिवर्तनलाई दोष दिएका छन् महासचिव गुटेरेस आगामी शुक्रबार पाकिस्तानको वस्तुस्थितिबारे जानकारी लिन बाढी प्रभावित क्षेत्रको भ्रमण तथा सरकारी अधिकारीहरूसँग भेटघाट गर्दै हुनुहुन्छ।

पाकिस्तानको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणले शनिबार आफ्नो पछिल्लो प्रतिवेदनमा बाढी प्रभावित क्षेत्रमा थप ५७ जनाको मृत्यु भएको जनाएको छ। जुनको मध्यदेखि सुरु भएदेखि मनसुन वर्षाले ल्याएको बाढीपहिरामा परेरर चार सय ४१ बालबालिकासहित एक हजार दुई सय ६५ जनाको मृत्यु भइसकेको छ।

यसअघि प्रधानमन्त्री शाहबाज शरीफले पनि सहायताका निम्ति गर्नुभएको आह्वानको तत्काल जवाफ प्राप्त भएको थियो। फलस्स्वरूप विभिन्न देशले राहत सामग्री इस्लामावाद ल्याएका थिए।

# टेबलटेनिसमा चीनले जित्यो तीन स्वर्ण

भेन्टियान। लाओको राजधानी भेन्टियानमा शनिबार जारी २६औं एसियाली जुनियर तथा क्याडेट टेबलटेनिस च्याम्पियनसिप (एजेसीसी) मा चीनले तीन स्वर्ण पदक जितेको छ।

जुनियर ब्वाइज, जुनियर गर्ल्स र क्याडेट ब्वाइज विधा अन्तर्गत चीनले ती स्वर्ण पदक जितेको छ।

२६ औं एसियाली जुनियर एण्ड क्याडेट च्याम्पियनसिप सेप्टेम्बर १ देखि ६ सम्म लाओको राजधानी भेन्टियानमा जारी छ।

क्याडेटहरू (१५ वर्ष मुनिका) र जुनियर (१९ वर्ष मुनिका) बीचको प्रतियोगितामा टोली, एकल, युगल र मिश्रित युगल प्रतियोगिताहरू समावेश छन्।

# भलिबल सङ्घको अध्यक्षमा जीतेन्द्रबहादुर चन्दको उम्मेदवारी

काठमाण्डु। नेपाल भलिबल सङ्घको आसन्न नवौं चुनावी अधिवेशनका लागि सङ्घका वर्तमान महासचिव जीतेन्द्रबहादुर चन्दले अध्यक्ष पदमा उम्मेदवारीको घोषणा गर्नुभएको छ। यही भदौ २२ गते हुने उक्त अधिवेशनका लागि चन्दले आइतबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्नुभएको हो। उहाँले भलिबल खेलको विकासका लागि अन्तर र्राष्ट्रियस्तरको भलिबल कर्भडहल निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।



नेपालको राष्ट्रिय खेल भलिबलको केन्द्रमा अन्तर्राष्ट्रिय मापदण्डको कर्भडहल निर्माणका लागि सम्बन्धित निकायसँग निर्माण गर्न पहल गर्ने र आफ्नो कार्यकालमा जसरी भए पनि निर्माण गर्ने उल्लेख गर्नुभयो।

सरकारको एकल प्रयासले मात्र पुग्दैन, यसका लागि स्वदेशी तथा विदेशी डोनरको आवश्यकता पर्दछ जुन सहयोग अपिलका लागि मेरो टिममा सशक्त व्यक्ति हुनुहुन्छ, उहाँहरुको सहयोगले नेपालमा पनि भलिबल खेलका लागि छुटै कर्भडहल निर्माण हामी गर्नेछौं', महासचिव चन्दले भन्नुभयो।

महासचिव चन्दले आफ्नो कार्यकालमा कम्तीमा पनि छ वटा अन्तर्राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिता नेपालमा नै गर्ने योजना भएको बताउनुभयो। उहाँले भलिबल खेललाई आर्थिक र भौतिकरूपमा सहयोग गर्ने दाता, भलिबल खेलमा आफ्नो पूरा जीवन समर्पण गर्नेहरु तथा खेल जीवनबाट सन्न्यास घोषणा गर्ने खेलाडीलाई सम्मान गर्दै जानेसमेत बताउनुभयो। चन्द पूर्वखेलाडीका साथै सेन्ट्रल भलिबल एसोसियसनका कोषाध्यक्षसमेत हुनुहुन्छ।

यसैगरी चन्दको प्यानलबाट रोशन श्रेष्ठले महासचिव पदमा उम्मेदवारी दिनुभएको छ। नेपाल भलिबल सङ्घकी वर्तमान उपाध्यक्ष निरोज मास्केले एक महिनाअघि नै अध्यक्ष पदमा उमेदवारीको घोषणा गरिसक्नुभएको छ। उहाँको प्यानलबाट महासचिवमा मनवीर छन्त्यालले उम्मेदवारी घोषणा गर्नुभएको छ।रासस

# द्विपक्षीय सम्बन्ध प्रगाढ बनाउन प्रधानमन्त्री हसिना भारत भ्रमण गर्दै

**एएनआई**

नयाँदिल्ली। बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले सोमबारदेखि भारतको चारदिने भ्रमण गर्दै हुनुहुन्छ। द्विपक्षीय सम्बन्ध प्रगाढ बनाउन यो भ्रमण हुन लागेको हो। सम्पर्क सञ्जाल विस्तार, ऊर्जा र खाद्य सुरक्षाका साथै व्यापार र लगानीका अवसरमा ध्यान केन्द्रित गर्दै उहाँले आफ्ना समकक्षी नरेन्द्र मोदीसँग वार्ता गर्नुहुनेछ।



बङ्गलादेश र भारत दुवै सांस्कृति, आर्थिक, भाषिक, राजनीतिक एवम् धार्मिक रूपमा धेरै समानता भएका देश हुन्। बङ्गलादेशको स्वतन्त्रता सङ्ग्राममा भारतको महत्वपूर्ण भूमिका भएता पनि नयाँदिल्ली र ढाकाबीचको सम्बन्ध विशेषगरी कहिल्यै पनि न्यानो वा विवादमुक्त भएको छैन। प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्लो ढाका भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याएको छ। हालैका वर्षमा दुवै देशबीच कूटनीतिक र आर्थिक क्षेत्रमा धेरै सम्झौताहरू पनि भएका छन्।

प्रधानमन्त्री मोदी र शेख हसिनाको दूरदर्शी नेतृत्वमा भारत र बङ्गलादेशले भूमि र सामुद्रिक सीमाङ्कन, सुरक्षा, सम्पर्क सञ्जाल विस्तार, विकास सहायता, सांस्कृतिक आदानप्रदान, ऊर्जा प्रवर्द्धन एवम् त्यसको व्यापार , बन्द व्यापार र वाणिज्य तथा प्रतिरक्षाका क्षेत्रमा ठोस नतिजा हासिल गरेका छन्। प्रधानमन्त्री हसिनाको दिल्ली भ्रमणका बेला पनि दुवै देशको सुरक्षा र सीमा व्यवस्थापनदेखि पारस्परिक लाभदायक व्यापार र लगानी प्रवाह, द्विपक्षीय, क्षेत्रीय र उप-क्षेत्रीयस्तरमा सहयोग विस्तारलाई जोड दिइने छ।

साथै उहाँको यो भ्रमण दक्षिण एसियाली क्षेत्रमा कोभिड-१९ पछिको आर्थिक पुनरुत्थानको प्रयास, सैन्य सहायता र आतङ्कवाद नियन्त्रणमा केन्द्रित हुनेछ। भारत र बङ्गलादेश बीचको द्विपक्षीय सम्बन्ध सहयोगको मानकका रूपमा बढ्दै गएको छ। वार्ता र रचनात्मक संवादको माध्यमबाट समस्या समाधानका प्रयास पनि भइरहेका छन्। यद्यपि नदी र जल बाँडफाँटका विषयमा भने मतैक्यता हुन सकेको छैन।

नदीहरू दुई देशहरू बीचको सबैभन्दा उल्लेखनीय साझा स्रोत हुन्। दिल्ली र ढाकाको द्विपक्षीय सहयोग एजेन्डामा पानी व्यवस्थापन र पानी बाँडफाँटका मुद्दामा धेरै बहस हुने गरेको छ। पछिल्लो समय भने दुई देशले प्राथमिकताका आधारमा पानी बाँडफाँट सम्झौताको ढाँचा पनि विकास गरेका छन्।

सम्झौताका निम्ति पहिचान गरिएका दुई देशका साझा प्रमुख नदी गङ्गा, टिष्टा, मनु, मुहुरी, खोवाई, गुम्ती, धरलाबारे हालै दुवै देशका अधिकारी सम्मिलित संयुक्त आयोगले समझदारीपत्रलाई अन्तिम रूप दिएको छ। बाह्र वर्षको अन्तरालपछि भएको उक्त आयोगको बैठक विवादका विषय निरूपण गर्न निकै हदसम्म सफल भएको थियो। बङ्गलादेश पनि आफ्नै गतिमा विकासको पथमा क्रमशः लम्किरहेको छ। उसले पछिल्लो समय आर्थिक विकासमा केही फड्को पनि मारेको छ। फलस्वरुप ढाका संयुक्त राष्ट्रसङ्घको अतिकम विकसित राष्ट्रको सूचीबाट बाहिर निस्कने चरणमा पुगेको छ। यसै सन्दर्भमा प्रधानमन्त्री हसिनाले प्रधानमन्त्री मोदीसमक्ष बङ्गलादेश-भारत बृहत् आर्थिक साझेदारी सम्झौताको प्रस्ताव गर्ने बताइएको छ।

कोरोना महामारीका कारण थलिएको अर्थतन्त्रलाई उठाउन उहाँले भारतसँग सहयोग पनि लिने सम्भावनालाई पनि नकार्न सकिदैन। सम्पर्क सञ्जाल विस्तारका निम्ति भारत र बङ्गलादेशबीच थप तीनवटा रेल सेवा सञ्चालनका साथै हालै निर्माण गरिएको पद्मा पुलबाट फाइदा उठाउन तथा मोङ्ला बन्दरगाहलगायत दक्षिणपश्चिम बङ्गलादेशलाई भारतसँग जोड्न उहाँले आग्रह गर्नुहुनेछ।

# युद्धग्रस्त सिरियामा १७१ जनाको मृत्यु

दमास्कस। सिरियाका यसअघि युद्ध क्षेत्रमा छोडिएका बारूदी सुरूङ्ग र अन्य हतियार विस्फोट हुँदा सन् २०२२ को हालसम्म १७१ जना सर्वसाधारणको मृत्यु भएको युद्ध अनुगमनकारी संस्थाले आइतबार जनाएको छ।

'सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स'का अनुसार यस वर्ष अहिलेसम्म ८६ बालबालिकासहित १७१ सर्वसाधारणको मृत्यु भएको छ भने १४१ बालबालिकासहित २५१ जना घाइते भएका छन्।

बेलायतस्थित निगरानी समूह र सरकारी समाचार संस्था सानाका अनुसार आइतबार मध्य प्रान्त होम्सको दक्षिणमा रहेको डाबा गाउँमा विस्फोटक पदार्थको आक्रमणबाट तीन बालबालिकाको मृत्यु भएको छ।

करिब हरेक हप्ता सिरियाली सेनाले यसअघिका विभिन्न युद्ध क्षेत्रमा विस्फोटक पदार्थ विस्फोट गराउने गरेको छ। गत जुनमहिनामा संयुक्त राष्ट्रसंघले दुईमध्ये एक सिरियाली जोखिमको क्षेत्रमा बसोबास गर्ने अनुमान गरिएको भन्दै अस्तव्यस्त विस्फोटक पदार्थको प्रदूषणले सुरक्षासम्बन्धी प्रमुख चिन्ताको विषय भएको उल्लेख गरेको थियो।

# डेढ लाखभन्दा बढी आप्रवासीलाई प्रवेशमा रोक

**एएफपी**

एथेन्स। ग्रीसले सन् २०२२ अगस्टसम्ममा एक लाख ५० हजारभन्दा बढी गैरकानुनी आप्रवासीलाई आफ्नो भूमि र समुद्री सीमामा रोकेको ग्रीसका आप्रवासन मन्त्रीले आइतबार बताउनुभएको छ। मन्त्री नोटिस मिताराचीले एलेफ्थेरोस टाइपोस दैनिकसँग भन्नुभयो,"यस वर्षको सुरुदेखि नै एक लाख ५४ हजार १०२ अनियमित आप्रवासीहरूको प्रवेश रोकिएको छ।

अगस्टमहिनामा मात्रै करिब ५० हजारले ग्रीसमा आक्रमण गर्ने प्रयास गरेका थिए।' सन् २०१९ मा सत्तामा आएको कन्जर्भेटिभ ग्रीस सरकारका लागि सीमा नियन्त्रण उच्च प्राथमिकताको विषय हो। यो सरकारले अर्को वर्ष पुनः निर्वाचनको घोषणा गर्ने अनुमान भइरहेका समय सीमा नियन्त्रण उच्च प्राथमिकताको विषय प्रयासलाई महत्व दिएको पाइन्छ।

गत महिना सरकारले आप्रवासीहरूको प्रवाहलाई नियन्त्रण गर्ने प्रयासको एक भागको रूपमा एभ्रोसमा ग्रीक-टर्की सीमामा ४० किलोमिटर लामो पर्खाललाई थप ८० किलोमिटर विस्तार गर्ने योजनाको घोषणा गरेको थियो। यसले 'थर्मल क्यामेरा' पनि जडान गर्नेछ र थप २५० सीमा रक्षकहरू तैनाथ गर्नेछ। युरोपेली संघमा राम्रो जीवन प्राप्त गर्न अफ्रिका र मध्यपूर्वबाट भागेर आएका मानिसहरूका लागि ग्रीस अक्सर रोजाइको देश हो।

हजारौं टर्की हुँदै इभ्रोस नदी र परम्परागत प्रतिद्वन्द्वीहरूलाई छुट्याउने साँघुरो र खतरनाक एजियन सागर पार गरेर आउँछन्। परोपकार समूहहरूले एथेन्सले अवैध रूपमा आप्रवासीहरूलाई फिर्ता पठाएको वा उनीहरूलाई टर्कीको सीमा पार गर्न बाध्य पारेको आरोप लगाएका छन्। मिताराचीले आइतबार एथेन्सले गैरकानुनी रूपमा आएका आप्रबासीलाई फिर्ता गरेको आरोप लगाउँदै टर्कीमाथि 'हिंसात्मक धक्का' मा संलग्न रहेको आरोप लगाएका थिए।

एथेन्सले गत महिना टर्कीले फसेका आप्रवासीहरूको एक समूहलाई नदीमा रहेको एउटा सानो ग्रीक टापुमा जबर्जस्ती धकेलेको आरोप लगाएको थियो।

त्यतिबेलाका अधिकारवादी समूहहरूले आप्रवासीहरू ग्रीक भूमिमा रहेको भनी ग्रीक सरकारले केही दिनसम्म इन्कार गरेपछि उक्त समूहका एक जना पाँच वर्षीय बालकको मृत्यु भएको बताएका थिए। मिताराचीले यस घटनामा शंका व्यक्त गरेका छन्। रासस

# दसैँका लागि हवाई टिकट बुकिङ धमाधम



काठमाण्डु । दसैं, तिहार, छठलगायत चाडपर्व नेपालीको महत्वपूर्ण उत्सव हुन् । दसैंमा गाउँघर जाने, आफन्तसँग भेटघाट गर्ने र नयाँ लुगा लगाउने परम्परागत चलन छ । वर्षदिनको महत्वपूर्ण चाड भएकाले देश तथा विदेशदेखि सहर, सदरमुकामदेखि गाउँबेसी पुग्नेको लर्को लाग्छ । उनीहरु आफन्त र मान्यजनबाट टिका तथा आशिर्वाद थाप्न लामो यात्रा तय गरेर गन्तव्य पुग्छन् ।

दसैंमा आवतजावत गर्ने महत्वपूर्ण माध्यम भनेको सडक तथा हवाई यातायात नै हो । अझ प्रभावकारी यातायातको रुपमा हवाईसेवालाई लिइन्छ । दसैं आउन करिब तीन साता बाँकी रहँदा अहिले अधिकांश गन्तव्यको टिकट बुकिङ भइसकेको छ । वायु सेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले दसैंका लागि धमाधम बुकिङ भइरहेको जानकारी दिनुभयो । उहाँले अहिले धेरैजसो गन्तव्यको अनलाइन बुकिङ सकिएको बताउनुभयो ।

"दसैंका लागि अधिकांश बुकिङ भइसकेको छ, यात्रुको मागका आधारमा उडान सङ्ख्या थप्ने योजनामा छौं 'ट्रक रुट' मा त्यति समस्या छैन 'स्टल रुट' मा जहाज लिमिटेड भएकाले अत्यधिक चाप हुन्छ ।" प्रवक्ता शर्माले दसैं लक्षित अनलाइन बुकिङ सकिए पनि जहाज प्रयाप्त रहेकाले थप उडान सञ्चालन गरिने जानकारी दिनुभयो ।

सामान्यतया दसैं आउन एक महिनाअघि देखि नै हवाई टिकट खुलाइन्छ । अहिले अनलाइनबाट सहज रुपमा टिकट पाइने भएकाले अधिकांश हवाई गन्तव्यको टिकट बुकिङ भइसकेको एयरलाइन्सले जनाएका छन् । उनीहरुका अनुसार दसैंलाई लक्षित गरेर अहिले ७० प्रतिशत हाराहारी टिकट बुकिङ भइसकेको छ । सङ्घका प्रवक्ता कँडेल अनलाईनबाटै अधिकांश बुकिङ भएको बताउनुहुन्छ । आन्तरिक उडानका अग्रणी वायुसेवा कम्पनी बुद्ध एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स, सौर्य, सिम्रिक, सीता र समिट एयरको अग्रिम बुकिङ धमाधम भइरहेको छ । आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित २० वायुसेवा प्रदायकले उडान भर्दै आएका छन् । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार आन्तरिक उडानतर्फ अहिले दैनिक दुई सय ६० दुईतर्फी उडानमार्फत झण्डै १३ हजार यात्रु आवतजावत गरिरहेका छन् । दसैंमा दैनिक तीन सय ५० हाराहारी उडानबाट २० हजार बढी यात्रुले सेवा लिने उहाँको अनुमान छ । "कोभिड-१९ महामारीमा उडानको चाप थियो, यस पटकको दसैंमा झनै यात्रुको चाप हुने देखिन्छ, यात्रुको मागअनुसार उडान थप्छौं", प्रवक्ता सिटौलाले भन्नुभयो । बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले दसैंका लागि अहिले धमाधम बुकिङ भइरहेको र समग्रमा ७० प्रतिशतसम्म टिकट बुकिङ भइसकेको जानकारी दिनुभयो । उहाँका अनुसार कम्पनीको अनलाइनबाट मात्रै ८० प्रतिशत बुकिङ भइसकेको छ ।

यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले अहिलेसम्म ६० प्रतिशतभन्दा बढी टिकट बिक्री भइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "पहिला जस्तो दसैंलाई मात्र भनेर बुकिङ खुलाउने गरिएको छैन, टिकट अनलाइनमा सहजै पाइने भएकाले बुकिङ करिब फुल भइसकेको छ । यात्रुको मागअनुसार उडान सङ्ख्या थप्न गर्न सकिन्छ ।" तुलनात्मक रुपमा हवाई यात्रा महँगो भए पनि सहज, सुलभ र छिटोछरितो यातायात भएकाले हवाई यात्राप्रतियात्रुको आकर्षण बढ्दो छ । कमाइका हिसाबले पनि यो मौसम उपयुक्त मानिन्छ । त्यसैले केही महँगो भए पनि हवाई यात्राका लागि अधिकांश यात्रु लालाहित हुन्छन् । नजिकिएको दसैंलाई मध्यनजर गर्दै अहिले हवाई सेवा प्रदायक कम्पनीले धमाधम अग्रिम टीकट बुकिङ गरिरहेका छन् । केही गन्तव्यमा त दसैं आउन एक महिनाअघिनै टिकट 'प्याक' भइसकेको छ ।

दसैंमा राजधानी काठमाडौं छाडेर गाउँघर पुग्ने यात्रुको चहलपहल बढी हुन्छ । टिकाको भोलिपल्टदेखि राजधानी फर्किने यात्रुको चाप बढ्छ । वायुसेवा कम्पनीका अनुसार अहिले दसैंको अन्तिम दिनलाई लक्षित गरी उच्च दरमा टिकट लिने क्रम बढेको छ ।

**तुम्लिङटार र सुर्खेत गन्तव्यको बुकिङ 'फुल'**

आन्तरिक उडानको महत्वपूर्ण स्टल रुट मानिने तुम्लिङटार र सुर्खेत गन्तव्यको अग्रिम बुकिङ फुल भइसकेको एयरलाइन्सले जनाएका छन् । बुद्ध एयरका सूचना अधिकारी कर्णका अनुसार बुद्ध एयरको तुम्लिङटार र सुर्खेत गन्तव्यको अग्रिम बुकिङ पूर्ण भइसकेको छ । बाँकी गन्तव्यमा पनि अधिकांश प्याक भइसकेको छ । विशेषगरी फुलपातिदेखि विजया दशमी टिकासम्म चाप बढी हुन्छ । अग्रिम बुकिङ सोही अनुरुप हुने गरेको एयरलाइन्स कम्पनीले जनाएका छन् । नेपाली पात्रोअनुसार यो वर्ष असोज १० गते घटस्थापना र १९ गते विजया दशमी टिका रहेको छ ।

**७० प्रतिशत बुकिङ**

दसैंलाई लक्षित गरेर एयरलाइन्सको धमाधम हवाई टिकट बिक्री भइरहेको छ । अहिले ६० देखि ७० प्रतिशत बुकिङ भएको एयरलाइन्सले जनाएका छन् । बुद्ध एयरको विभिन्न गन्तव्यमा ७० प्रतिशत हाराहारी बुकिङ छ । पहिला ट्राभल एजेन्सीमार्फत टिकट होल्ड गरिन्थ्यो । उसको अनलाइन बुकिङ ८० प्रतिशत भइसकेको छ । यती एयरलाइन्सले आफ्नो ६० प्रतिशत अनलाइन बुकिङ भइसकेको जनाएको छ । श्री एयरलाइन्सको पनि सोही हाराहारी बुकिङ छ । एयरलाइन्सका व्यवस्थापक अनिल मानन्धरले दसैंका लागि कम्पनीको विभिन्न गन्तव्यमा बुकिङ भइरहेको बताउनुभयो ।

यती एयरलाइन्सका प्रवक्ता बर्तौलाका अनुसार ७० प्रतिशत अनलाइनबाट र बाँकी ३० प्रतिशत ट्राभल एजेन्सी तथा एयरलाइन्सको टिकट बिक्री काउन्टरमा प्रत्यक्ष गएर यात्रुले टिकन लिने गरेका छन् । सौर्य एयरलाइन्सले शुक्रबारदेखि दसैं र तिहारलाई केन्द्रित गरी अग्रिम बुकिङ खुला गरेको जानकारी गराएको छ ।

एयरलाइन्सले विभिन्न दररेटका टिकट अनलाइन बुकिङमा राख्ने भएकाले सस्तो टिकट चाँडै फुल हुन्छ । त्यसपछि महँगो टिकट खरिद गर्नुपर्ने हुन्छ । एयरलाइन्सले अनलाइनबाट वर्षभरी नै टिकट बुक गर्न सकिने गरी खुला गरेका छन् । यसले यात्रुलाई सहज रुपमा टिकट लिएर गन्तव्यमा पुग्न सहज भएको छ ।रासस

# जग्गाको वर्गीकरण नहुँदा घर परिवारदेखि राजस्व सङ्कलनमा समेत समस्या

काठमाण्डु । चालु आर्थिक वर्षको पहिलो महिना अर्थात् गत साउन महिनामा देशभरको घर जग्गाको कारोवारबाट रु दुई अर्ब ७३ करोड ७२ लाख ४१ हजार ५७ बराबर मात्रै राजस्व सङ्कलन भयो । उक्त महिनामा रु २० करोड १६ लाख ९७ हजार बराबरको सेवा कर सङ्कलन भयो । पूँजीगत लाभकर भने रु ७४ करोड ७२ लाख ८३ हजार छ सय ९२ बराबर मात्रै सङ्कलन भयो ।



आव २०७८/७९ को पहिलो महिनामा रु आठ अर्ब १३ करोड ४१ लाख ६१ हजार छ सय ९० बराबरको राजस्व सङ्कलन भएको थियो । उक्त महिनामा रु ३८ करोड ९९ लाख ७३ हजार चार सय तीन बराबर सेवा शुल्क उठाइएको थियो भने रु दुई अर्ब चार करोड ६० लाख ६३ हजार तीन सय ११ बराबरको पूँजीगत लाभकर उठाइएको थियो ।

अघिल्लो आवको तुलनामा चालु आवको पहिलो महिनाको विवरण हेर्दा असाध्यै कम राजस्व सङ्कलन भएको देखिन्छ । पुँजीगत लाभकर सङ्कलनमा पनि यस्तै अवस्था देखिएको छ । गत आवको तुलनामा चालु आवको पहिलो महिनामा घरजग्गाको कारोबारबाट उठ्ने राजस्वमा झण्डै ७५ प्रतिशत बराबरको गिरावट आएको छ ।

यसरी गिरावट आउनुमा गत जेठमा सरकारले जारी गरेको 'भूउपयोग नियमावली, २०७९' लाई पनि लिइएको छ । उक्त नियमावलीले जग्गाको वर्गीकरण नगरिकन बिक्री वितरणमा रोक लगाएको छ । नियमावलीले काठमाडौं उपत्यकामा पाँच सय वर्गमिटर र तराई र भित्री मधेसमा छ सय ७५ वर्गमिटरभन्दा कम जग्गाको कित्ताकाट गर्न नपाइने व्यवस्था गरेको छ । कृषि क्षेत्रका रुपमा तोकिएको जग्गामा वर्गीकरण वा कित्ताकाट गर्न कडाइ गरिएका कारण कारोबारमा मन्दी आएको देखिन्छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता जनकराज जोशीका अनुसार भूउपयोगको सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार स्थानीय तहलाई नै दिइएकाले उनीहरुले नै शिघ्र काम सम्पन्न गर्नुपर्ने हुन्छ । स्थानीय तहले नै आफ्नो क्षेत्रभित्रको जग्गाको वर्गीकरण गरेर सम्बन्धित मालपोत तथा नापी कार्यालयलाई जानकारी गराएपछि कारोबारमा कुनै पनि समस्या नहुने उहाँको भनाइ थियो ।

कतिपय स्थानीय तहले भूउपयोग नियमावलीअनुसारको काम गरेपनि केहीले भने शुरु नै गरेका छैनन् । सरकारले आगामी मंसिर मसान्तसम्म त्यस अनुसारको काम सम्पन्न गर्न समयसीमा प्रदान गरेको छ । चन्द्रागिरि नगरपालिका-९ का वडाअध्यक्ष अच्यूत अधिकारीका अनुसार नगरपालिकाले भूउपयोग नियमावली अनुसार गर्नुपर्ने काम पूरा गरिसकेको छ ।

नगरकार्यपालिकाले आवश्यक निर्णय गरिसकेको जानकारी दिँदै उहाँले नगरपालिका भित्रका सबै जग्गालाई गैरकृषि क्षेत्रको रुपमा उल्लेख गरिदिन भनी माग भई आएकाले सोही अनुसार गरिएको बताउनुभयो । सबै स्थानीय तहले तोकिएअनुसार भूमिको वर्गीकरण नगर्दा घर जग्गाको कारोबार गरेर गर्जो टार्न खोज्नेका लागि भने समस्या परेको छ । घर खर्च चलाउन, अंशवण्डा गर्न तथा विदेश जान चाहेनका लागि पनि समस्या परिसकेको छ । यसले गर्दा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ । तीमध्येका एक हुनुहुन्छ नागार्जुन नगरपालिका-२ का रामबाबु शर्मा ।

उहाँले पैत्रिक सम्पत्तिमा अंशवण्डा गरेर बिक्री गर्न खोज्नु भएको थियो तर भूउपयोग नियमावलीअनुसार सबै जग्गाको वर्गीकरण नभइसकेकाले उहाँले आफ्नो काम गर्न पाउनुभएको छैन । जग्गाको वर्गीकरण नहुँदा मालपोत र नापी कार्यालयमा पनि सेवाग्राहीको चाप कम परेको छ । सेवाग्राही नै नभएपछि राजस्व सङ्कलनमा असर परेको उक्त कार्यालयले जनाएका छन् ।

सरकारले जग्गाको लिखत रजिस्ट्रेशन पारित भएको १०० वर्ष पुगेका अवसर पारेर नै भूउपयोग नियमावली सार्वजनिक गरेको थियो । भूमि प्रशासनसम्बन्धी सेवामा सुशासन अभिवृद्धि गर्दै भूमिको नाप जाँच तथा तथ्याङ्कलाई थप गुणस्तरीय र विश्वसनीय बनाउने, जग्गाको लगत र पुराना ऐतिहासिक अभिलेखको सुरक्षा तथा व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाएको छ ।

सहर तथा शहरोन्मुख क्षेत्रका अधिकांश जग्गा घर तथा आवास क्षेत्रका रुपमा मात्रै प्रयोग भएको पाइएपछि सरकारले भूउपयोग नियमावलीमार्फत नियमन गर्न खोजेको थियो । नेपालमा पहिलो पटक विसं १९७९ वैशाख १ गते घर जग्गा कारोबारको लिखत रजिस्ट्रेशन पारित भएको थियो । नेपालका करीब दुई तिहाइ परिवार भूमिमा आश्रित छन् ।

नेपालको संविधानले सामाजिक न्याय र समानताको प्रत्याभूति गर्ने सन्दर्भमा मौलिक हकअन्तर्गत नै भूमिहीन दलितलाई एकपटक जग्गा उपलब्ध गराउने व्यवस्था गरेको छ । किसानलाई कृषियोग्य जग्गामा पहुँच उपलब्ध गराउने, भूमिहीन सुकुम्बासी, मुक्त कमैया, हलिया र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने विषय पनि संविधानले सुनिश्चित गरेको छ ।रासस

# एकीकृत व्यवसाय दर्ता शिविरले व्यावसायीलाई राहत

रामपुर । व्यवसायी तथा सङ्घ संस्थालाई लक्षित गरी रामपुरमा आयोजना गरिएको शिविरबाट राहत पुगेको छ । शिविरमा घरेलु तथा साना उद्योग कार्यालय र करदाता सेवा कार्यालयबाट गरिने सम्पूर्ण सेवा एकै स्थानबाट प्रदान गरिएको छ ।

गाउँघरमा नै सेवा पाउँदा यहाँका उद्योगी र व्यवसायीलाई सदरमुकाम तानसेन जाने समस्या टरेको छ । शिविरबाट एक सय ६० जनाभन्दा बढीले सेवा लिएको रामपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले जानकारी दिनुभयो ।

घरेलु तथा साना उद्योग कार्यालयअन्तर्गत उद्योग, व्यवसाय दर्ता, उद्योग व्यवसाय खारेज, व्यवसाय नवीकरण, अन्य संशोधन गरी एक सय २३ जनाले सेवा लिएका थिए । करदाता सेवा कार्यलयअन्तर्गत सरकारी कार्यालय, सार्वजनिक विद्यालय र सङ्घ संस्थालाई संस्थागत स्थायी लेखा नम्बर, उद्योग तथा व्यवसायको स्थायी लेखा नम्बर, व्यक्तिगत स्थायी लेखा नम्बर, अन्तः शुल्कको इजाजत पत्र, करचुक्ता प्रमाणपत्रलगायत सेवा प्रदान गरिएको छ ।

शिविरमा करदाता सेवा कार्यालय तानसेनका कर अधिकृत गीता पाण्डे र घरेलु तथा साना उद्योग कार्यालयका उद्योग अधिकृत देवीराम भण्डारीसहितको टोलीले उद्योग व्यवसाय दर्ता र करसम्बन्धी परामर्श प्रदान गर्नुभएको थियो । रामपुर उद्योग वाणिज्य सङ्घले घरेलु र कर कार्यालयको समन्वयमा उद्योगी तथा व्यवसायीलाई दर्ता प्रमाणपत्र, स्थायी लेखा नं तथा व्यक्तिगत लेखा नं, कर चुक्ताको प्रमाणपत्र प्रदानको लागि नियमित रुपमा सहजीकरण गर्दै आएको छ । पूर्वी पाल्पाका व्यवसायी तथा सङ्घ संस्थाको सहजताका लागि रामपुर उद्योग वाणिज्य सङ्घको आयोजना, घरेलु तथा साना उद्योग कार्यालय र करदाता सेवा कार्यालयको समन्वयमा रामपुरमा शुक्रबार र शनिबार शिविर आयोजना गरिएको हो ।रासस

# तरकारीले बनायो आत्मनिर्भर



चौतारा । सिन्धुपाल्चोकमा स्थानीय कृषकले तरकारी खेतीबाट मनग्य आम्दानी गर्दै आएका छन् । जिल्लाको बलेफी, सुनकोशी, मेलम्ची क्षेत्रमा किसानले मनै लोभ्याउने व्यावसायिक तरकारी खेती गरेका हुन् ।

लटरम्म फलेको खुर्सानी, गोलभैंडा, घिरौला, बन्दा, करेला, धनिया, काँक्रो, सिमी जस्ता तरकारी लहलहाउँदो छ । टनेल विधिबाट तरकारी खेती गर्दा मौसमी र बेमौसमी तरकारी उत्पादन दोब्बर हुने भएपछि किसान यसतर्फ आकर्षित भएका छन् । पहिले खुल्ला स्थानमा तरकारी फलाउन नसकेका कृषक टनेलमा गरिएको खेतीले मनग्य उत्पादन गरिरहेका छन् ।

यहाँका कृषकले पाखाबारीमा मकै, गहुँ, जौ, कोदो, धान खेतीको साटो मौसमी तथा बेमौसमी तरकारी खेती गर्ने गरेका छन् । अन्नबाली छाडेर व्यावसायिक तरकारी खेती गर्न थालेका किसान पैसा कमाउन विदेश नै जानुपर्छ भन्ने मानसिकतालाई चुनौती दिँदै घरमै बसी तरकारी खेतीबाट आम्दानी हुन थालेको बलेफीका कृषक रोजन तामाङले बताउनुभयो ।

बलेफीकै कृषक सङ् गीता तामाङ परम्परागत तरिकाले भन्दा नयाँ विधिबाट गरिएको खेतीले किसानलाई फाइदा दिएको बताउनुहुन्छ । लागत घटाउन, उत्पादन बढाउन र रोग कीराको समस्याबाट बच्न टनेल भित्र हाइटेक प्रविधि किसानले प्रयोग गर्न थालेका छन् । स्थायी संरचनाको प्लास्टिक टनेल बनाएर बिरुवाको जरा-जरामा आवश्यकताअनुसार सिँचाइ हुने थोपा सिँचाइ प्रविधि जडान गरिएको छ ।

हावा र प्रकाश छिर्ने पारदर्शी प्लास्टिकको टनेल बनाइएको छ । बिरुवाको जरा जरामा पाइपमार्फत बिरुवालाई आवश्यक पर्ने पानी र खाद्य तत्व आपूर्ति गराइन्छ । सुधारिएको गोठ निमार्णले बस्तु भाउको मूत्र पनि सदुपयोग हुने गरेको सुनकोसी-६ का कृषक प्रदीप भण्डारी बताउनुहुन्छ । उत्पादन भएको तरकारी बिक्रीका लागि समस्या नभएको मेलम्ची नगरपालिका-९ ज्यामिरेका तरकारी कृषक वासुदेव कटुवालले बताउनुभयो । तरकारी बेचेर एक सिजनमा करिब रु एक लाखदेखि डेढलाख आम्दानी हुने गरेको कटुवालले बताउनुभयो ।

जापानको परराष्ट्र मन्त्रालयको सहयोगमा पिस विन्ड्स जापानमार्फत समृद्धिका लागि यथायोग्य कार्यसस्था नेपालअर्न्तगत खानेपानी पहुँच तथा कृषि आय सुधार आयोजनाले मेलम्ची-९, सुनकोसी गाउँपालिका-६, बलेफी गाँउपालिका ४ र ६ का दुई सय ७७ घरधुरीलाई कृषक समूहमा आबद्ध गराएर प्रविधिसहित व्यावसायिक तरकारी खेतीमा जोडिएको छ ।

उनीहरुले उत्पादन गरेको तरकारी सङ्कलन केन्द्रमा जम्मा हुन्छ । किसानले बजारमा चलेको मूल्य पाउँछन् भने तरकारी मुख्य बजारमा बिक्री हुने गरेको छ । रासस

# छुर्पी उद्योग स्थापनासँगै दूधको बिक्री बढ्यो



म्याङ्लुङ । गाउँमै छुर्पी उद्योग स्थापना भएपछि तेह्रथुमको छथरका किसानले उत्पादन गरेको दूध बिक्री हुन थालेको छ । किसानले गाउँमै दूधको उचित मूल्य पाउन थालेका छन् ।

घ्यू मात्र उत्पादन गर्दै आएका यहाँका किसान गाउँमै खुलेको छुर्पी उद्योगले दूध खरिद गर्न थालेपछि उत्साहित भएका छन् । किसानले आम्दानीका लागि पशुपालन व्यवसाय रोज्न थालेका छन् । गाउँमा छुर्पी उद्योग सुरु हुनुअघि अधिकांस किसानले घ्यू मात्रै उत्पादन गर्ने गर्थे । त्यति मात्रै होइन, उनीहरु टाढा टाढासम्म दूध बिक्री गर्न लैजान बाध्य थिए । गाउँभन्दा टाढासम्म दूध बेच्न लैजाँदा समयमा पैसा नपाउने र कम मूल्यमा बेच्न किसान बाध्य थिए ।

यतिबेला किसान गाउँमै स्थापना भएको उद्योगले दूध खरिद गर्न थालेपछि खुसी भएका छन् । छथर गाउँपालिकाको हमर जुङ, ओखे र सुदापबाट दैनिक तीन सयदेखि पाँच सय लिटरसम्म दूध सङ्कलन हुने गरेको छ । यही दूधबाट दैनिक ५० किलोसम्म छुर्पी र ३० किलोसम्म घीउ उत्पादन हुने गरेको छ । यसले छुर्पी र घ्यू उत्पादन गर्ने व्यवसायीलाई फाइदा पुगेको छ ।

दूध बिक्रीबाट मनग्य आम्दानी हुन थालेपछि घरखर्च चलाउन सजिलो भएको स्थानीय छत्रबहादुर खड्काले बताउनुभयो । "दूध सबै डेरीमा लैजान्छौं । अहिले त जीविकोपार्जन गर्न सहज भएको छ", उहाँले भन्नुभयो, "यसकै आम्दानीले चार जनाको परिवार पाल्न सहज भएको छ ।" गाउँमा छुर्पी उद्योग सञ्चालनमा आएपछि दुग्ध उत्पादक किसानलाई मात्र होइन उद्योगीसमेत खुसी भएका छन् । छुर्पीले राम्रो बजार पाएपछि उद्योगीले मनग्य आम्दानी गर्न थालेका छन् । जनकन्या किसान पशुपालन सहकारी संस्थाका सचिव रामबहादुर भट्टराईले थछरका धेरैजसो किसानले दूध बेच्न ल्याउने भएका कारण व्यापार बढेको बताउनुभयो ।

भट्टराई जस्तै अर्का किसान तिला खुलाल भन्नुहुन्छ, "पहिले दूधको भाउ नपाउँदा श्रीमान् विदेशिनु परेको थियो । अहिले गाउँमै फर्किएर पशुपालनमा लागेका छौं । यसबाट राम्रै आम्दानी भएको छ । अहिले यही नै आम्दानीको मुख्य स्रोत बनेको छ ।" गाउँपालिकाले स्थानीयलाई लक्षित गरी छुर्पी प्रवर्द्धन कार्यक्रम अघि बढाएको छ ।

पालिकाले नै किसानलाई लक्षित गरी सहुलियत र अनुदान दिने कार्यक्रम ल्याएपछि उनीहरुको आयस्रोत बढेको छ । रासस


महोत्तरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, महोत्तरी
मधेश प्रदेश, नेपाल

पोखरी ठेक्का खुल्ला डाक बढाबढको संशोधन सम्बन्धि सूचना

प्रकाशित मिति २०७९/०५/२०

यस महोत्तरी गाउँपालिका द्वारा मिति २०७९/०५/०८ गतेको प्रकाशित सूचनामा तपसिल अनुसारको संशोधन भएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. मिति २०७९/०५/०८ गते प्रकाशित सूचना पोखरीको ठेक्का खुल्ला डाँक बढाबढको मिति २०७९/०५/२२ र २०७९/०५/२३ गते लाई संशोधन गरि मिति २०७९/०५/२५ गते शनिबारका दिन वडा नं. २ ठाडी पोखरी महोत्तरीको डिलमा हुने व्यहोरा जानकारी गरिन्छ ।
२. वडा नं. २ ठाडी पोखरी र वडा नं. ५ कुट्टी पोखरीको भोग चलन २०७९/०७/२६ गते देखि ४ वर्षको लागि लागु हुने व्यहोरा जानकारी गरिन्छ ।
३. अन्य सबै शर्तहरु, मिति २०७९/०५/०८ गते को प्रकाशित सूचना अनुसार नै रहने व्यहोरा जानकारी गरिन्छ ।


# केन्टले ल्यायो दशैं तिहार अफर

**टुडे समाचारदाता**

काठमाण्डु । ई.ओ.एल. प्रालिले नेपालमा केन्ट उत्पादनहरूका लागि एक मात्र आधिकारिक वितरक, सि. जी. इलेक्ट्रोनिक्स अन्तर्गतको संस्थाले यस पालीको दशैं, तिहार र छठलाई लक्षित गरी ग्राहक योजना ल्याएको छ ।

भारत र नेपालमा पानी शुद्धिकरणका बजारमा ग्राहकवर्गले असाध्यै रुचाएको केन्ट आर.ओ.ले नेपालको सबैभन्दा ठूलो उत्सव दशैं र तिहारलाई लक्षित गर्दै "केन्ट आर.ओ. दशैं तिहार, हरेक खरिदमा उपहार" भन्ने नारासहित जारी गरेको यस अफर अन्तर्गत केन्टको कुनै पनि आर.ओ.मोडलको खरिदमा सि. जी. ब्रान्डको इलेक्ट्रिक केट्टेल उपहार स्वरूप प्रदान गरिएको छ ।

यो ग्राहक योजना भाद्र १३, २०७९ देखि सम्पूर्ण नेपालमा सीमित अवधिको लागि लागू गरिएको छ ।




सफा पिउने पानी आवश्यकता बनेको छ । प्रत्येक वर्ष लाखौं नेपाली पानीजन्य रोगहरूले संक्रमित हुन्छन् र हजारौंले आफ्नो ज्यान गुमाउँछन् । तपाईंले पिउने पानीमा उच्च टिडीएस, ब्याक्टेरिया, भाइरस, कीटनाशक र अन्य हानिकारक रसायनहरू समावेश हुन सक्छ ।

साथै, घरहरूमा आपूर्ति गरिएको पानी रस्ट र पुरानो पाइपलाइनहरू मार्फत आउने र अस्वस्थ ट्याङ्कीमा भण्डारण हुने गर्दछ । पिउनु भन्दा पहिले पानी शुद्ध छ भन्ने कुरा सुनिश्चित गर्न अत्यन्त महत्त्वपूर्ण छ । यसैले, आर.ओ.बाट प्रशोधित भएको पानी हाम्रो परिवारको स्वस्थ जीवन र कल्याणको लागि महत्वपूर्ण आवश्यकता भएको छ ।

केन्टका उत्पादनहरू स्वास्थ्य र स्वच्छताको लागि परिचित छन् । केन्ट ब्राण्डका अन्य वाटर प्यूरिफायर, एयर प्यूरिफायर, भ्याकुम क्लिनर, कीटाणुनाशक उपकरणहरू/डिसइन्फेक्टेन्टहरू र स्मार्ट किचन उपकरणहरू पनि सर्वत्र बजारमा उपलब्ध छन् ।

# अनियन्त्रित उत्खननमा वृद्धि

टुडे समाचारदाता

महोत्तरी । नदी उकासपर्ति र पहाडी शृङ्खलामा अनियन्त्रित उत्खनन बढेको गुनासो बढदा पनि नियन्त्रणमा सम्बद्ध निकाय उदासीन देखिएका छन् ।

स्थानीय तह, जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला समन्वय समिति र स्थानीय प्रशासनको उदासीनताले जिल्लामा अवैध र अनियन्त्रितरुपले उत्खनन् भइरहेको छ। जिल्लाका प्राकृतिक सम्पदामा क्रसर उद्योगको जगजगी छ ।

बालु प्रशोधन केन्द्र, क्रसर उद्योग, ढुङ्गा-गिट्टी क्रसर उद्योग, बालु वासिङ सेन्टरजस्ता नामबाट स्थानीय तहको सिफारिसमा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयले उद्योग दर्ता र नवीकरण गर्ने व्यवस्था छ ।

नदीजन्य प्राकृतिक सम्पदाको उपयोग, संरक्षण र आवश्यक रेखदेखमा सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति र स्थानीय प्रहरी/प्रशासनकै भूमिका हुनुपर्नेमा कानूनले निर्दिष्ट गरे पनि अनुगमन नहुँदा जिल्लामा नदीजन्य पदार्थ (बालु/ढुङ्गा) अनियन्त्रित र अवैधरुपले उत्खनन गर्ने यस्ता उद्योग बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिकामा छ्यासछ्यास्ती देखिन्छन् ।

जिल्लामा आर्थिक वर्ष २०७७/७८ सम्म यस्ता उद्योग एक सय पाँच वटा दर्ता भएकामा २०७८/७९ को अन्त्यसम्म दर्तामध्येका ३० प्रतिशत उद्योगले मात्र नवीकरण प्रक्रिया बढाएका जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ ।

"हामीकहाँ दर्ता भएका एक सय पाँचमध्ये ३० प्रतिशतले मात्र नवीकरण गरेका छन्" घरेलु तथा साना उद्योग कार्यालयका सहायक अधिकृत गोविन्द साह भन्छन्, "हामी त स्थानीय तहको सिफारिस अनुसार प्रक्रिया पुगेका कागजात हेरेर दर्ता वा नवीकरण गर्छौं, त्यसको अनुगमनको पाटो त सम्बन्धित स्थानीय



तह, जिल्ला समन्वय समिति र स्थानीय प्रशासनले नै गर्ने हो ।"

नवीकरण गरेका र नगरेका यस्ता उद्योग कानूनी प्रक्रिया विपरीत बर्दिबास, गौशाला र भङ्गाहा नगरक्षेत्रका रातु, मरहा, जङ्घा, भब्सी र बाँकेलगायत नदी, नदी उकास जग्गा र नदी नजिकैका पर्ती जमिनमा अवैध तरिकाले छ्यासछ्यास्ती सञ्चालन भइरहेका देखिन्छन् ।

जिल्लामा आर्थिक वर्ष २०७८/७९ सम्म दर्ताभएका एक सय पाँच उद्योगमध्ये ३० प्रतिशतले मात्र नवीकरण गरेका सहायक अधिकृत साहले जानकारी दिए ।

अन्य ७० प्रतिशत उद्योगले नवीकरण नगरिकन नै नदीजन्य पदार्थ उत्खनन गरिरहेका छन् ।सबैभन्दा बढी यस्ता उद्योग जिल्लाको उत्तरी क्षेत्र गौशाला, बर्दिबास र भङ्गाहा नगरपालिकामा छन् । अन्य स्थानीय तहमा नगन्य मात्रामा रहेको र भएका पनि कतिपय बन्द भइसकेका पाइएको छ । जिल्लाको उत्तरी क्षेत्रमा गुणस्तरीय बालुवा, गिट्टी पाइने र दक्षिणी क्षेत्रमा गिट्टी, ढुङ्गा नहुने र बालुमा माटो मिसिने हुँदा यस्ता उद्योग उत्तरी क्षेत्रतर्फ बढेका छन् ।

विशेषगरी रातु, मराहा, जङ्घा, भब्सी र बाँके नदीलाई केन्द्रित गरेर सञ्चालन गरिएका क्रसरले अवैधरुपले उत्खनन गरिरहेको व्यापक जनगुनासो बढिरहेको बेला अझ नवीकरण नै नगरी सञ्चालन गर्नुले अनेकौं प्रश्न उब्जिएका छन् ।

यस्ता उद्योगको दर्ता वा नवीकरणका लागि स्थानीयतहले विज्ञबाट वातावरणीय प्रभाव मूल्याङ्कन गराई मापदण्ड तोकेर सिफारिस दिनुपर्ने व्यवस्था छ तर स्थानीयतहले स्थलगत अध्ययन/अनुगमनबिना नै कार्यालयकक्षमै यस्ता कागज तयार गर्ने गरेका ब्यापक गुनासो छ । बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षेत्री दर्ता र नवीकरण कानूनअनुसार नै भएको बताए ।

कार्यालयका अनुसार रातु नदीलाई केन्द्रित गरेर खोलिएका बर्दिबासमा मात्र ४१ वटा उद्योग छन् । तीमध्ये झण्डै २२ वटा अहिले पनि सञ्चालमा छन् । अन्य विविध कारणले बन्द छन् । त्यस्तै गौशालामा १४ र भङ्गाहामा ११ वटा उद्योग रहेका छन् ।

बर्दिबासमा सञ्चालित उद्योगमध्ये १६ उद्योगले मात्र नविकरण गरेको पाइएको छ । क्रसर सञ्चालकले नदीतटमा बाँधिएको तटबन्धको जगक्षेत्र पनि उधिन्नसमेत नछाडेकाले प्रत्येक वर्ष बर्खाकालमा बाढीले तटबन्ध भत्काएर गाउँबस्ती डुबाउने गरेको छ ।

नदीको मापण्डबिनाको अवैज्ञानिक र अनियन्त्रित दोहनले नदी सतह कतिपय ठाउँमा निकै उच्च र कतिपय ठाउँमा निकै गहिरिँदा उत्तरवर्ती क्षेत्रमा कटान र मध्य एवम् दक्षिणी क्षेत्रमा बर्सेनि डुवानको समस्या हुँदै आएको छ ।

ढुङ्गा, गिट्टी, बालुवा बिक्री वितरण तथा व्यवस्थापन सम्बन्धी ऐन २०७७ लागु भइसक्दा पनि जिल्लामा सञ्चालनरत क्रसर, वासिङ सेन्टर र प्रशोधन केन्द्रले सो अनुसार काम नगर्दा समस्या बढेको भङ्गाहा-४ का हीरालाल महतोको भनाइ छ । ढुङ्गा, गिट्टी, र बालुवा बिक्री वितरण तथा व्यवस्थापन सम्बन्धी ऐन २०७७ मा दूरी, उत्खनन र सञ्चालनका कार्यविधिसमेत उल्लेख गरिएको छ तर जिल्लामा सञ्चालनरत अधिकांश उद्योगले नियमको पालना गरेका छैनन् । पूर्व-पश्चिम राजमार्गको रातु पुलसँगै जोडेर एक क्रसर उद्योग सञ्चालन हुँदै आएको छ ।

राजमार्ग, पुल, विद्यालय, बस्तीबाट कमसेकम यस्ता उद्योगको दूरी ५०० मिटर हुनैपर्ने कानूनी व्यवस्था विपरीत राजमार्ग छेउमै रहेको उद्योगले कानूनको धज्जी उडाएको स्थानीय बताउँछन् । रातुपुल छेउमै सञ्चालित क्रसरले अनियन्त्रित उत्खनन् गर्दा पुल भासिएर नयाँ पुल प्रयोगमा ल्याइएपनि क्रसर उद्योग भने निर्वाध सञ्चालनमा रहेको छ ।

वन तथा भूसंरक्षण मन्त्रालयले महोत्तरीसहितका ३६ जिल्लालाई चुरे संरक्षण क्षेत्रअन्तर्गत राखेको छ । मुलुकको कूल भूभागको १२दशमलव ७८ प्रतिशत चुरे क्षेत्रमा पर्छ । ढुङ्गा, गिट्टी, बालुवाको दोहनले चुरे क्षेत्र खिइँदै जाँदा मानव अस्तित्वमा ठूलो सङ्कट आउने चुरे विज्ञ डा विजयकुमार सिंह बताउछन् ।

समाजका विभिन्न तप्काबाट यसबारे चासो देखाइए पनि शक्तिको आडमा चुरे दोहनको भने घटेको देखिदैन । चुरे तथा नदी दोहनको शृङ्खला रोक्न र चुरे संरक्षणलाई व्यवस्थित बनाउन राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति २०७१ सालमा गठनसमेत भएको छ । गठन हुने तर जिम्मेवारी भुलिदिने प्रवृतिले तराईमा चुरे तथा नदी दोहनको समस्या विकराल हुँदै गएको बताइएको छ ।

# विविधतायुक्त संस्कृति प्रवर्द्धनमा विज्ञहरुको जोड

टुडे समाचारदाता

बर्दिवास । मधेशको विविधतायुक्त संस्कृति प्रवर्द्धनमा विज्ञहरुले जोड दिएका छन् । नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनको मधेश प्रदेशको दोस्रो अधिवेशनमा सहभागीहरुले मधेशका विभिन्न भाषा, संस्कृति, कला र साहित्यको प्रवर्द्धनमा जोड दिएका हुन् ।

अधिवेशनमा उपप्राध्यापक किशोरकुमार साहले 'मधेश प्रदेशमा उच्च शिक्षा' र अर्का उपप्राध्यापक हिरालाल कर्णले 'मधेश संस्कृति र सामाजिक रुपान्तरण' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

अधिवेशनको शुभारम्भ गर्दै नेकपा (एमाले)का केन्द्रीय सचिव रघुवीर महासेठले नेपालको सभ्यता विकासक्रमको मल्लकालमा मधेशको भाषा, साहित्य, कला, संस्कृति र अर्थशास्त्रले मुलुकको केन्द्रमै राम्रो स्थान ओगटेको प्रसंग उल्लेख गरे ।

मल्लकालमा शासन व्यवस्थाका अङ्गहरू सुरक्षा र अर्थ विभागमा मधेशका विद्वानको अभिमत लिने गरिएको इतिहासले पुष्टि गरेको उनको भनाइ थियो ।

मल्लकालीन दरबारमा मैथिली भाषाका नाटक मञ्चन गरिने र कवि सम्मेलनमा मधेशका विद्वतवर्गको सहभागिता हुने गरेको विगतबाट शिक्षा लिन कार्यक्रमका सहभागीले जोड दिएका थिए ।

उपप्राध्यापक साहले कार्यपत्रमा मधेशमा उच्च शिक्षामा गरिब, दलित र सीमान्तकृत जाति समुदायको पहुँच वृद्धिमा जोड दिएका छन् ।

त्यसैगरी अर्को 'मधेश संस्कृति र सामाजिक रुपान्तरण' विषयक कार्यपत्रमा मधेशको परिचय, भाषा, संस्कृतिको विविधता र रीतिथितिको परिचयात्मक प्रस्तुति गरिएको छ ।

कार्यक्रममा सङ्गठनका केन्द्रीय अध्यक्ष प्राध्यापक डा वेदराज केसीले मुलुकका राजनीतिक परिवर्तनसँग जोडेर शिक्षा नीति परिमार्जन हुन नसकेको औँल्याए ।

खासगरी मधेशको शिक्षाको अवस्था अत्यन्त चिन्ताजनक रहेको उल्लेख गर्दै अब समय सान्दर्भिक शिक्षा ऐनको आवश्यकता माथि जोड दिए । स्वरोजगारमूलक व्यावसायिक शिक्षा अहिलेको आवश्यकता रहेको उनको भनाइ थियो ।

बर्दिबास जनता बहुमुखी क्याम्पसका प्राचार्य तोपबहादुर ठकुरीका अध्यक्षतामा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो ।

# मुख्यमन्त्री राउत पर्सा क्षेत्र नं १ (ख) बाट सिफारिस

टुडे समाचारदाता

वीरगञ्ज । जनता समाजवादी पार्टी नेपाल (जसपा)ले मधेश प्रदेशका मुख्यमन्त्री डा लालबाबु राउतलाई पर्सा क्षेत्र नं १ को (ख) बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवारका लागि सिफारिस गरेको छ । गत निर्वाचनमा पनि जसपाले उनलाई सोही क्षेत्रबाट प्रदेशसभा सदस्यमा सिफारिस गरेको थियो ।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अन्तर्गत मुख्यमन्त्री राउतलाई पर्सा क्षेत्र नं १ को (ख) बाट प्रदेशसभा सदस्यका लागि एकल नाम सिफारिस गरेको पार्टीका पर्सा सचिव तबरेज आलमले जानकारी दिए ।

**जसपा अध्यक्ष यादव पर्सा क्षेत्र नं ४ बाट सिफारिस**

आसन्न सङ्घीय निर्वाचनमा जसपा पर्साले पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यका लागि सिफारिस गरेको छ ।

पर्सा पार्टी सचिव आलमले जसपाका केन्द्रीय सदस्य प्रदीप यादवलाई पर्सा क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यका लागि सिफारिस गरिएको बताए ।

# करेन्ट लागेर एक किशोरीको मृत्यु

टुडे समाचारदाता

रौतहट । रौतहटमा करेन्ट लागेर एक किशोरीको मृत्यु भएको छ । करेन्ट लागेर जिल्लाको गरुडा नगरपालिका वडा नं २ का दिनेश सहनीको १४ वर्षीया छोरी अमरिका कुमारी सहनीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

आफ्नै घरमा विद्युतीय मोटरबाट नुहाउने क्रममा मोटरमा करेन्ट प्रवाह हुँदा अमरिकाको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको छ । यसैबीच गरुडा नगरपालिकाका मेयर कन्थमनी प्रसाद जयसवालले करेन्ट लागेर ज्यान गुमाएकी पीडित परिवारलाई तत्काल किरिया खर्च वापत २५ हजार रुपैयाँ सहयोग गरेका छन् ।

घटना हुने वित्तिकै मेयर जयसवालले पीडित परिवारको घरमै पुगेर आफ्नो व्यक्तिगत तर्फबाट करिया खर्च वापत २५ हजार रुपैया उपलब्ध गराएका थिए ।

# विशेष सुरक्षा योजनाको तयारी




टुडे समाचारदाता

राजविराज ।आउन लागेको निर्वाचन तथा चाडपर्वलाई लक्षित गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीले विशेष सुरक्षा योजना प्रभावकारी बनाउन आवश्यक तयारी शुरु गरेको छ ।

शान्ति सुरक्षलाई चुस्त राख्न विशेष सुरक्षा योजनाका क्रममा विभिन्न संघ, संस्था, कार्यालय, उद्योगी, व्यवसायी र सरोकारवालासंगको छलफल तीब्र बनाइएको छ । यसै क्रममा पछिल्लो पटक यहाँ स्थित बैंक तथा वित्तीय संस्था तथा सुनचाँदी व्यवससायीसंग शान्ति सुरक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरी आवश्यक सुझाव संकलन गरिएको छ ।

प्रहरी उपरीक्षक अभिनारायण काफ्लेका अनुसार बजार भित्रका बैंक, फाइनान्स, सुनचाँदी पसल जस्ता संवेदनशील आर्थिक क्षेत्रमा विशेष निगरानी गरिने योजना तयार पारिएको छ । चाडपर्वमा हुने चोरी, ठगी, लुटपाट, दुर्घट्ना लगायतका अपराधिक घट्ना नियन्त्रण तथा आगामी प्रदेश र प्रतिनिधि सभाको निर्वाचनलाई भयरहित एवं मर्यादित बनाउन सरोकारवालासंग पालै पालो छलफल र सुझाव संकलन गर्ने कार्य तीब्र बनाइएको प्रहरी उपरीक्षक काफ्लेको भनाइ छ ।

ट्राफिक प्रहरीसंगको सहकार्यमा यात्रुलाई विचौलियाबाट जोगाउन वसपार्कहरुमा प्रहरी परिचालन गरी निगरानी बढाउने, कालोबजारी नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन लगायतका कार्यालयको समन्वयमा बजार अनुगमन लगायतका कार्यक्रम पनि निर्वाचन तथा चाडपर्व लक्षित विशेष सुरक्षा योजनामा समावेश गर्ने तयारी गरिएको उनले जानकारी दिए ।

# टिकटक एप बन्द गर्न माग

टुडे समाचारदाता

सर्लाही । चर्चित सामाजिक संजाल टिकटकले समाजमा अश्लिलता फैलाएकोले यसलाई तुरुन्त बन्द गर्नुपर्ने माग गर्दै हिन्दु परिषद् नेपाल नगर कमिटी मलंगवाले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय सर्लाहीमा ज्ञापनपत्र बुझाएका छन् ।

आइतवार दिउँसो नगर कमिटी अध्यक्ष संजय कुमार रायको नेतृत्वमा मलंगवा स्थित जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा पुगेका संस्थाका सदस्यहरु प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम र प्रहरी उपरीक्षक प्रवीण पोखरेलाई उक्त ज्ञापनपत्र बुझाएका हुन्।

टिकटकको कारणले गर्दा समाजमा आत्महत्या,अश्लिलता र नग्नताले चरम सीमा पार गरिसकेको साथै यसको कुप्रभावले पारिवारिक सम्बन्धमा खराबी र समयको समेत बर्बादी भइरहेकोले यसलाई तुरुन्त बन्द गर्नुपर्ने ज्ञापनपत्र मार्फत माग गरिएको छ ।

टिकटककै कारणले गर्दा विभिन्न परीक्षाफल पनि सन्तोष जनक नआएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

साना बालबालिकादेखि ६० वर्ष उमेर कटिसकेका वृद्धवृद्धाहरुमा पनि टिकटक हेर्ने र बनाएर अपलोड गर्ने लत लागि सकेको छ । टिकटकका कारण विद्यालय,कलेज,मठ मन्दिर जस्ता सभ्य र सार्वजनिक स्थानहरु टिकटक



बनाउने अड्डा बन्दै गएकोले यसलाई तुरुन्त बन्द गर्नुपर्ने आफूहरुको जोडदार माग रहेको हिन्दु परिषद् नेपाल नगर कमिटी मलंगवाका सदस्य चन्दन कुमार यादवले बताए । आफ्नो धर्म,संस्कृति जोगाउन र देशको उज्ज्वल भविष्यको लागि छिमेकी मुलुक भारतसहित पाकिस्तान, इन्डोनेशिया, बङ्गलादेश र सिरियामा जसरी टिकटक माथि प्रतिबन्ध लगाइएको छ त्यसैगरी नेपालमा पनि प्रतिबन्ध लगाएर सभ्य समाजको निर्माणमा पहल गरिदिन प्रजिअ गौतमलाई बुझाएको ज्ञापनपत्र मार्फत प्रधानमन्त्रीसँग आग्रह गरिएको छ।

टिकटक बन्दको माग गर्दै मधेश प्रदेश अन्तर्गतका सिरहा,सप्तरी, धनुषा लगायतका जिल्लाका युवाहरुले यसअघिनै आ-आफ्ना जिल्लाका प्रजिअ मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाइसकेका छन् ।

भिडियो सेयर गर्न मिल्ने टिकटक नामक यो चिनिया एप अहिले संसारभरमा चर्चित रहेको छ।


# अन्तरजातिय विवाहलाई अदालतले स्वीकारे पनि परिवारले स्वीकारेन

अजमल मिकरानी

सर्लाही । भनिन्छ, प्रेममा जातपात,उँच, नीच,धर्म,वर्ण उमेर, रङ्ग,केही हुँदैन । प्रेमीहरुले एक अर्कालाई पाउन जे पनि गर्न तयार हुन्छन् । कतिपय प्रेमी सामाजिक कुरीतिहरुका कारण छुटेका पनि छन्, तर सर्लाहीका एक अन्तरजातिय जंगीलाल यादव र राधा कुमारी चमारको जोडीले यस्ता भनाइलाई सार्थक बनाएर समाजको लागि एउटा उदाहरणीय काम गरेका छन् ।

उनीहरुको प्रेम र अन्तरजातिय जोडीलाई समाज र परिवारले नस्वीकारे पछि यी जोडीले मलंगवा नगरपालिका स्थित जिल्ला अदालत सर्लाहीमा गएर कानूनी रुपमा अन्तरजातिय विवाह गरेका छन् ।

सर्लाही जिल्लाको चक्रघट्टा


श्री सर्लाही जिल्ला अदालत
विवाह दर्ता प्रमाणपत्र
पति
पत्नी

गाउँपालिका वडा न-१ बस्ने २२ वर्षीय जंगीलाल यादब र यसै जिल्लाको ब्रह्मपुरी गाउँपालिका वडा न-१ बस्ने २३ वर्षीया राधा कुमारी चमारले २०७९ साल भाद्र १३ गते अदालतमा गएर आफ्नो विवाह दर्ता गराएका हुन्।

उनीहरुबीच प्रेम सम्बन्ध विगत एक वर्षदेखि चल्दै आएको थियो। प्रेम सम्बन्धलाई विवाहको बन्धनमा बाँध्ने सोच बनाएका यी जोडीलाई केटा पक्षको परिवारले स्वीकार्न नमानेपछि दुबैजनाले मलंगवा स्थित नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सर्लाहीको कार्यालयमा दिएको निवेदनको आधारमा संस्थाको पहलमा कानून बमोजिम अदालतमा विवाह गराएको अध्यक्ष राजेश पासवानले जानकारी दिए।

जंगीलाल र राधाको जोडीले समाजमा बिद्यमान रहेको जातिय विभेद र छुवाछुतलाई अन्त्य गर्न उदाहरणीय काम गरेको मानव अधिकारकर्मी सुन्दर श्याम यादवले बताए ।

# नेपाल रेडक्रसको स्थापना दिवस

टुडे समाचारदाता

रौतहट । नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाले विभिन्न कार्यक्रम गरी आफ्नो ६० औ स्थापना दिवस मनाएका छन ।

स्थापना दिवसको अवसरमा रेडक्रस अभियानमा स्वयंसेवकको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले नेपाल रेडक्रसले खेलेको भूमिका सराहनीय रहेका बताए ।

जिल्ला सभापति राजकिशोर प्रसाद यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा पूर्व सभापति मोहमद मजरुल हक् , डाक्टर नन्द किशोर झा , संजीव कुमार मल्लिक तथा कर्मचारी विगन महतोलाई दोसल्ला ओढाएर सम्मान पत्रबाट सम्मानित गरिएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाही , नेपाल प्रहरीका प्रहरी उपरीक्षक बीर बहादुर बूढ़ा मगर , सशस्त्र प्रहरी बल नेपाल ११ नम्बर गणका डीएसपी क्षितिज क्षेत्री लगायतको उपस्थति रहेको थियो ।

स्थापना दिवसको अवसर पारेर रौतहटको दुर्गा भगवती गाउपालिकाको पिपरामा आयोजित रक्तदान कार्यक्रममा गाउँपालिका अध्यक्ष शम्भु सिंह लगायत कार्यालयका कर्मचारीहरु समेतले रक्तदान गरेका थिए ।

**सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।**

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधै लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीलाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं ।

**सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसवाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८